**काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?**
हुनुहुन्छ भने:
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।
- श्रम कल सेन्टरको निशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस्।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
epratee kdaily.com

**जनहितमा जारी सन्देश**
- सम्पूर्ण तराई 'लू'को चपेटामा छ,
- आवश्यक काम नपरी बाहिर ननिस्कौं,
- बाहिर निस्कनै परे छाता लिएर, टाउकोमा गम्छा राखेर, प्रशस्त पानी खाएर निस्कौं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख २५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 07 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४४

## पुल निर्माणका गाडीहरू स्थानीयको कब्जामा

प्रस, रौतहट, २४ वैशाख/
पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले १३ वर्ष पहिला शिलान्यास गरेको बागमती पुल निर्माण गर्ने कम्पनीले निर्माण कार्य छाडी भाग्न थालेपछि स्थानीयवासीहरूले डोजर र ट्रक कब्जामा लिएका छन्।

वाइपी महालक्ष्मी विकास जेभीले ठेक्का सकार गरी पुल निर्माण गर्नुको साटो बालुवाको सडक बनाइ करोडौं रकम अनियमितता गरेर अहिले फरार हुन थालेपछि स्थानीयले डोजर र ट्रक कब्जामा लिएका हुन्।

बालुवाले पुरिएको सडक भत्केको छ। सोमा व्यापक अनियमितता भएको आरोप छ। वाइपी महालक्ष्मी विकास जेभी र सम्बन्धित निकायको संलग्नतामा रु तीन करोडको लागतमा बालुवाको सडक निर्माण भएको बताइएको छ।

दुई महिनादेखि निर्माण कार्य बन्द गरेका ठेकेदारले निर्माण कार्यमा प्रयोग हुने सवारी लैजान खोज्दा सवारीसाधन कब्जामा लिएको स्थानीय नेता जितु ठाकुरले बताए।



ठेकेदार कम्पनीको गाडी घेर्दै स्थानीयवासी। तस्वीरः प्रतीक

स्थानीयवासीले पटकपटक आन्दोलन गरी पुल निर्माणको माग गर्दै आएका थिए। बागमती पुल निर्माण नहुँदा स्थानीयवासीहरूले गत असोजमा विरोध जुलुससहित जिल्ला प्रशासन कार्यालय, रौतहटमार्फत भौतिक तथा पूर्वाधार मन्त्रालयमा ज्ञापनपत्र पठाएका थिए।

बागमती नदीले बर्सेनि मधेसमा क्षति पुर्‍याउँदै आएको छ। नेपालको प्रमुख सडक मध्येको महाकालीसम्म राणाकालीन हुलाकी सडकको बागमती नदीमा पुल नहुँदा आवतजावतमा कठिनाइ भइरहेकोले पुल निर्माण गर्न पटकपटक माग हुँदै आएको थियो।

दुर्गाभगवती गाउँपालिका–५ बडहर्वा टोलस्थित बागमती नदीमा पुल निर्माणका लागि पप्पु कन्स्ट्रक्सनले ठेक्का सकार गरी पुलको पिलर मात्र बनाइ अधुरो छोडेर भागेको थियो।

संसदीय क्षेत्रको निर्वाचनका क्रममा पूर्वप्रधानमन्त्री नेपालले जनतासमक्ष पुल निर्माणको लागि प्रतिबद्धता जनाएका थिए।

तर पूर्वप्रम नेपालले अहिलेसम्म पुल निर्माणका लागि पहल नगरेको स्थानीयको आरोप छ। पप्पुले लामो समयसम्म पुल निर्माण नगरेको र यसबीचमा डुङ्गा दुर्घटना भएर केही मानिसहरूको मृत्यु भएपछि पप्पुको ठेक्का रद्द गरेर अर्कोलाई दिइएको थियो। अर्का ठेकेदार वाइपी महालक्ष्मी विकास जेभीले पनि निर्माण कार्य पूरा नगरेरै भाग्न थालेपछि स्थानीयले ट्रक र डोजर कब्जामा लिएका हुन्।

## भवन निर्माणबारे भएको छलफल निष्कर्षविहीन

प्रस, परवानीपुर, २४ वैशाख/
पकाहामैनपुर गाउँपालिका–३ पकाहास्थित रामचरित्र भगत मावि भवन निर्माणको विषयलाई लिएर भएको विवाद विनानिष्कर्ष टुङ्गिएको छ।




विद्यालय भवन निर्माण गर्दा ठेकेदारले एक्साभेटरबाट पुरानो भवनको संरचना भत्काएपछि सोबाट विद्यालय र पालिकालाई आर्थिक हानिनोक्सानी भएको भनेर तत्कालीन गाविस अध्यक्ष विजय चौरसिया र स्थानीयले विरोध गरेका थिए। उनीहरूले पुरानो १० कोठे भवन भत्काउँदा सोबाट ईँट, काठ, झ्यालढोकाहरू निस्किने र सोबाट लाखौं रुपैयाँ विद्यालय र पालिकालाई उपलब्ध हुने अवस्था रहे पनि ठेकेदारले एक्साभेटर प्रयोग गरेर भत्काएपछि सो आधार गुमेको भन्दै विरोध भएको थियो।

विरोधका बीच पालिका अध्यक्ष सुरेश मेहताले वैशाख २१ गतेदेखि पाँच दिनको लागि काम रोकेका थिए। उनकै नेतृत्वमा आज विद्यालयमा पञ्चायती बसेको थियो। पञ्चायतीमा तत्कालीन गाविस अध्यक्ष चौरसियाले पालिका अध्यक्षबाट लिखितरूपमा क्षतिपूर्तिको आश्वासन आउनुपर्ने माग गरे। स्थानीयले पनि लाखौं रुपैयाँ गुम्ने गरी ठेकेदारले गरेको कामको विरोध गरे। पालिका अध्यक्ष मेहताले भने ठेकेदारले आफूलाई समेत नसोधेर भवन भत्काएको भन्दै यस सम्बन्धमा ठेकेदारसँग मौखिक क्षतिपूर्तिको माग गर्ने बताएका थिए। तर उनले लिखित प्रतिबद्धता दिन नसकेपछि आजको पञ्चायती विनानिष्कर्ष टुङ्गिएको हो।

दुई करोड २७ लाख रुपैयाँको लागतमा सो विद्यालय भवनको आठवटा कोठा निर्माणको ठेक्का लागेको र यसै आवभित्र सो काम सम्पन्न गर्नुपर्ने ठेकेदारलाई दायित्व छ। करीब एक हजार ४०० विद्यार्थी अध्ययनरत रामचरित्र भगत माविमा अहिले दुई तले भवनमा कक्षा १२ सम्मको अध्यापन हुँदै आएको छ। २०१८ सालमा यो विद्यालय निर्माण भएको र पुरानो भवन जीर्ण भएपछि नयाँ भवन निर्माणको लागि नयाँ टेन्डर आह्वान गरिएको थियो।

## पर्सालाई पूर्ण खोप जिल्ला घोषणा गर्न अनुगमन

प्रस, वीरगंज, २४ वैशाख/
आगामी जेठ ३ गते पर्सा जिल्ला पूर्णखोप जिल्ला घोषित हुन गइरहेको छ। सोही कार्यलाई मूर्तरूप दिन सोमवारदेखि यसअघि पूर्णखोप घोषित भएका १० वटा पालिकाको अनुगमन शुरू भएको छ।




यस वर्ष धोबिनी, पकाहामैनपुर, बिन्दबासिनी र कालिकामाई गाउँपालिका गरी चारवटा पालिका पूर्णखोप पालिका घोषित भएका थिए। यी चारबाहेक वीरगंज महानगरपालिका, पोखरिया, पर्सागढी, बहुदरमाई नगरपालिका, सखुवाप्रसौनी, पटेर्वासुगौली, ठोरी, जीराभवानी, जगरनाथपुर, छिपहरमाई गापामा छड्के खोप अनुगमन शुरू भएको स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साहले बताए।

स्वास्थ्य अधिकृत मल्लिका श्रेष्ठको नेतृत्वमा दुईवटा समूहबाट १० वटा पालिकाका स्वास्थ्य कार्यालयमा छड्के खोप अनुगमन भएको र यो तीन दिनसम्म सञ्चालन हुने उनले बताए। लक्षित समूहका बालबालिकाहरूले खोप पाए/नपाएको बारे टोलीले अनुगमन गर्ने उनले बताए।

## पोलियोविरुद्ध खोप सञ्चालनको लागि छलफल

प्रस, वीरगंज, २४ वैशाख/
पोलियोविरुद्धको खोप सञ्चालनको लागि सोमवारदेखि वीरगंजमा स्वास्थ्य कार्यालयले पाँच दिने अभिमुखीकरण कार्यक्रम सञ्चालनमा ल्याएको छ।




वीरगंज हेल्थकेयरमा सोमवारदेखि सञ्चालित पाँच दिने अभिमुखीकरण कार्यक्रममा १४ वटा पालिकाका स्वास्थ्य प्रमुख र ११२ वटा स्वास्थ्य संस्थाका प्रमुख सहभागी छन्। उनीहरूलाई पाँच समूहमा विभाजित गरेर पाँच दिनसम्म अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले बताए।

सहभागीहरूलाई खोप अधिकृत जयमोद ठाकुरले पाँच दिनसम्म पोलियोविरुद्धको खोपबारे प्रशिक्षण दिने उनले बताए।

## मापदण्डविपरीत सञ्चालित औषधिपसल सिल

नितेश कर्ण, वीरगंज, २४ वैशाख/
हरिवन नगरपालिका–११ हरिवन बजार र वडा नं ९ नयाँरोडमा सञ्चालित तीनवटा औषधिपसल मापदण्डविपरीत सञ्चालनमा रहेको पाइएको छ।

औषधि व्यवस्था विभाग, वीरगंजका प्रतिनिधि र इलाका प्रहरी कार्यालय, हरिवनबाट खटेको संयुक्त टोलीले न्यू कुशवाहा मेडिकल हल, कुशवाहा मेडिसिन्स फर्मा र नयाँरोड सिटी हेल्थकेयर हस्पिटल प्रालिको अनुगमन गर्ने क्रममा म्याद नाघेका र निषेधित औषधि बिक्री गरेको पाइएपछि सिल गरिएको हो।




## स्वतन्त्र मानव अधिकारद्वारा प्रजिअलाई ध्यानाकर्षणपत्र

प्रस, वीरगंज, २४ वैशाख/
स्वतन्त्र मानव अधिकार समाजले सोमवार प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाललाई ध्यानाकर्षणपत्र बुझाएको छ।




समाजका सभापति कृष्णकुमार खनालको संयोजकत्वको टोलीले प्रजिअ भुसाललाई ध्यानाकर्षणपत्र बुझाएको हो।

वीरगंज भन्सार कार्यालयमा सशस्त्रका प्रहरीहरूले चेकजाँचको नाममा कडा घाममा एक घण्टा जति लाइनमा उभ्याएर नागरिकहरूलाई सास्ती दिएको भन्दै सहजताको लागि प्रजिअको ध्यानाकर्षण गराएको छ।

यसैगरी, नारायणी उपक्षेत्रीय अस्पतालमा समयमै उपचारको लागि गएका बिरामीहरूले सम्बन्धित चिकित्सक भेट्न नसकेको, जिल्ला प्रशासन कार्यालयमा हुने सामाजिक गतिविधिको सम्बन्धमा समाजका पदाधिकारीहरूलाई पनि समयमै सूचना सम्प्रेषण गर्न र नारायणी अस्पतालमा रात्रिको समयमा आकस्मिक कक्षमा चिकित्सक उपलब्ध हुनुपर्ने माग गरिएको छ।

कार्यक्रममा सशस्त्र प्रहरी बल १३ नं गणका प्रहरी नायब उपरीक्षक चन्द्रकुमार थापा, नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट चितरञ्जन साह, नारायणी अस्पताल विकास समितिका अध्यक्ष धीरज गुप्ता, नारायणी अस्पतालका अनमी हेमा थापालगायतको सहभागिता थियो।

टोलीमा समाजका उपसभापति नन्दीकिशोर यादव, महासचिव दीपक साह कानु, सचिव आशिष कुमार, कोषाध्यक्ष उर्मिला कुशवाहा, सहकोषाध्यक्ष रामभरोस यादव, केन्द्रीय सदस्य सोनालाल गुप्ता, लालबाबु गुप्ता, सुन्दरकुमार चौधरीलगायत सहभागी थिए।

**विचारसार र सुक्तिहरू**

**जुन समाजमा बूढाहरूले यस वृक्षको फल खान पाउँदिनँ भन्ने थाहा पाएर पनि वृक्षारोपण गर्छन् भने त्यस समाजको उन्नति कसैले रोक्न सक्दैन।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# एमाले अधिवेशन

**नेकपा (एमाले) बारा जिल्लाको अधिवेशन एक साता लामो चल्यो। अधिवेशन उद्घाटन भएर बन्दसत्रबाट अध्यक्षमण्डल र निर्वाचन अधिकृत चयन तोकिएकै अवधिमा सम्पन्न भएपनि निर्वाचन प्रक्रिया तोकिएको समयमा हुन सकेन। मुश्किलले तीन दिनमा सकिनुपर्ने अधिवेशन एक साता लम्बियो। नयाँ नेतृत्व चयनका लागि सहमतिबाट सम्भव नभएपछि निर्वाचनबाट त्यसको टुङ्गो लगाउनुपर्ने हो। निर्वाचन प्रक्रियासँगै सहमतिका प्रयासहरू हुनुपर्ने हो। सहमतिका प्रयास गरिंदा निर्वाचन प्रक्रिया रोकिनुहुँदैन। यसले सहमतिको नाममा आपसी द्वन्द्वलाई निम्त्याउँछ र बाराको अधिवेशनमा त्यस्तै भयो। निर्वाचन अधिकृतले निर्वाचन कार्यविधि सार्वजनिक गरेपछि सोअनुरूपको कार्यतालिकालाई अगाडि बढाउन नसक्नु कमजोरी हो। निर्वाचन कार्यतालिका अनुसार अन्तिम मतदाता नामावली प्रकाशन, उम्मेदवारी दर्ता, दाबी–विरोध, उम्मेदवारी फिर्ता र उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशनमा पूर्वसहमति नहुँदा निर्वाचन प्रक्रियाबाट नेतृत्व चयनको काम गरिएको भए ढिला हुने थिएन। यसो नहुँदा नेता, कार्यकर्ताहरूले स्थानीय र माथिको शक्ति देखाउने अवसर पाए।**

**कुनै कुरामा असहमति देखिए त्यसको निराकरण पार्टीको विधि विधान अनुसार गरिनुपर्नेमा सोविपरीत नेताहरूको सोर्सफोर्समा केन्द्रित भएको कारण निर्वाचन प्रक्रिया लम्बियो। एमाले कार्यकर्ताहरूको लेबीमा सञ्चालित हुँदै आएको दाबी गरिन्छ। अधिवेशन लम्बिंदा पार्टी कार्यकर्ताहरूले बुझाएको लेबीबाट मात्र सम्भव हुने सवाल रहेन। त्यसमा अदृश्य आर्थिक कारोबार भएकै हुनुपर्छ। अरू पार्टीभन्दा पृथकरूपमा सञ्चालनको दाबी गर्ने एमालेको अधिवेशनले आर्थिक पारदर्शितालाई तिलाञ्जलि दिएको देखिएको छ। एक सातासम्म अधिवेशन लम्बिंदा पार्टीका मतदाताहरूलाई समस्या भयो नै त्यसको व्यवस्थापन गर्ने नेताहरूलाई पनि थप आर्थिक भार थपियो। अधिवेशन सदरमुकाम कलैयामा गरिएको थियो र निजगढ, सिम्रौनगढ, कोल्हवी, जीतपुरसिमरा, परवानीपुर, महागढीमाईलगायतका पालिकाहरूबाट पार्टी कार्यकर्ताहरू मतदानका लागि सदरमुकाम केन्द्रित हुँदा कतिको आर्थिक समस्याहरू झेल्नुपर्‍यो त्यसको अनुमान गर्न सकिन्छ। भर्खरै बारा जिल्लामा भएको यो घटनाबाट एमाले पर्साले पाठ सिकेर अधिवेशनलाई व्यवस्थित तरीकाबाट तोकिएको कार्यसूची अनुसार सञ्चालन गराउन सक्नुपर्ने थियो।**

**तर पर्साले पनि बाराको सिको गरेर जगहँसाइ गर्न पुग्यो। नेतृत्व चयनको लागि हात हालाहालसमेत भयो। पर्साको अधिवेशन उद्घाटन समारोह बिपी उद्यानको लाल बङ्गलामा तामझामका साथ गरियो। त्यसपछिको बन्दसत्र क्लासिक ब्याङ्केटमा गरियो भने निर्वाचन अनमोल पार्टी प्यालेसमा। बाराभन्दा झन बढी खर्च भयो, दूरदराजका पालिकाहरूबाट आएका कार्यकर्ताहरूको बिजोग भयो। नेताहरूका आसेपासे र गुटबन्दीमा रहेकाहरूले मोजमस्ती गरेपनि अन्य तटस्थ कार्यकर्ताहरूलाई समस्या भयो। पार्टीले खाना, नास्ता र बाँसको प्रबन्ध गरेको थिएन। एकाध छाक लाजगालले खानासम्म खुवायो, बाँकी भगवान्भरोसे। कार्यक्रमहरू कम खर्चमा गर्नुपर्छ भनी भाषण दिन एमाले नेताहरू खप्पिस छन् तर आफ्नै पार्टीको अधिवेशनमा भने यो नियम पालना गराउन सकेनन्। जित्ने पनि एमाले हार्ने पनि एमाले, नेतृत्वमा जानेहरूले पार्टीको काम गर्ने हो, त्यो पनि विनापारिश्रमिक। त्यसको लागि यत्रो महाभारत गर्नु बुझिनसक्नुभएको छ।**

# सिकौं बुटवलका सामुदायिक विद्यालयबाट

स्वतन्त्र विचार



**राजेन्द्रप्रसाद कोइराला** Phd
rajendrakoirala20@gmail.com

**वीरगंजका सामुदायिक विद्यालयमा भौतिक पूर्वाधारको कमी छैन। कमी छ छ भने दृढ सङ्कल्प, विज्ञ समूह गठन, विज्ञान र प्रविधिलाई शिक्षासँग जोड्ने, समुदायमा व्यापक बहस गरी समाजबाट अनुमोदन प्राप्ति, शिक्षित युवाहरूको सहयोग र सहकार्य।**

केही वर्ष अघिसम्म गुणस्तरीय शिक्षाका लागि संस्थागत विद्यालयमा जानेको लर्को लाग्थ्यो। सामुदायिक विद्यालयमा अध्ययन गर्ने कुरा विद्यार्थीलाई लाजको विषय हुन्थ्यो भने अभिभावकको प्रतिष्ठाको विषय बन्थ्यो तर अहिले बुटवलका सामुदायिक विद्यालयमा चमत्कार हुन थालेको छ। गर्दा नहुने के रहेछ त ?

पछिल्ला केही वर्षदेखि देशमा सामुदायिक विद्यालयलाई कसरी गुणस्तरीय बनाउन सकिन्छ भनी जुन डिस्कोर्सले व्यापकता पाउन थाल्यो, त्यसको परिणाम बिस्तारैबिस्तारै सतहमा देखिन थालेको छ। पछिल्ला पाँच वर्षमा बुटवलका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या बढेकोबढ्यै छ। सङ्ख्या धेरै भएपछि सामुदायिक विद्यालयलाई विद्यार्थी थेग्न गाह्रो भइरहेको छ।

समुदायले हेर्ने दृष्टिकोण बदल्न सामुदायिक विद्यालयले जोडतोडले मेहनत गरे, तीनै तहका सरकारले शिक्षामा लगानी गरे। बुटवलका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्न बुटवल उपमहानगरपालिकाले विशेष लगानी गर्‍यो र योजना बुन्यो। नयाँ संरचना निर्माण र विज्ञान प्रयोशाला निर्माणले सामुदायिक विद्यालयको मुहार नै फेरियो।

बुटवलको कान्ति माविमा अहिले झन्डै पाँच हजार विद्यार्थी अध्ययन गर्छन्। यस वर्ष एक हजार विद्यार्थी बढेका छन्। दक्ष जनशक्ति, आवश्यक भौतिक संरचना र नतीजा राम्रो भएकै कारण विद्यालयमा आकर्षण बढेको कान्ति माविका प्रधानाध्यापक गोविन्द ज्ञवाली बताउँछन्। "संस्थागत विद्यायमा खर्च बढी छ। न्यूनतम खर्चमा गुणस्तरीय शिक्षा पाएपछि विद्यार्थी यहाँ आउँछन्–"प्रअ ज्ञवाली भन्छन्–"सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीलाई छात्रवृत्ति दिने सरकारको निर्णयले गर्दा पनि सकारात्मक प्रभाव परेको हो।" सामाजिक विकास डिभिजन कार्यालय लुम्बिनी प्रदेश भैरहवाबाट गरिएको मूल्याङ्कनमा आर्थिक वर्ष २०७८ –०७९ मा सो विद्यालय जिल्लाकै उत्कृष्ट ठहर भई पुरस्कृत भएको थियो।

बुटवलकै नवीन औद्योगिक कदरबहादुर रिता माविमा पनि विद्यार्थीको बढी चाप छ। "विगतका वर्षहरूभन्दा विद्यार्थीहरू बढेका छन् र अहिले त विद्यार्थी राख्ने कोठा पनि छैन"– प्रअ प्रेमबहादुर बस्नेत भन्छन्। उनका अनुसार विद्यालय २०७० सालमा देशका ३३ उत्कृष्ट सामुदायिक विद्यालयमध्ये १९ औं स्थानमा तथा २०७५ मा लुम्बिनी प्रदेशमा पाँचौं स्थान र रूपन्देही जिल्लामा द्वितीय स्थानमा सूचीकृत भई ब्रिटिश काउन्सिलबाट आइएसए २०१७–२०२० र २०२१ देखि २४ प्राप्त गरेको छ।

अङ्ग्रेजी माध्यममा अध्ययन–अध्यापन गराईंदै आएको सो विद्यालयका करीब २२ जना विद्यार्थी अघिल्लो वर्ष काठमाडौंसहित देशका विभिन्न इन्जिनीयरिङ क्याम्पसमा छात्रवृत्तिसहित छनोट भएका थिए। विद्यालयमा सिभिल इन्जिनीयरिङ, विज्ञान, व्यवस्थापन, होटल व्यवस्थापन, कानून र शिक्षाशास्त्र गरी ३,६१५ विद्यार्थी अध्ययनरत तथा १४८ शिक्षक–कर्मचारी छन्। विद्यालयमा स्टाफ नर्सको पनि व्यवस्था गरिएको छ।

देशकै उत्कृष्ट सामुदायिक विद्यालयमध्ये एक र २०१८ सालमा स्थापित बुटवलको कालिका मानव ज्ञान माध्यमिक विद्यालयमा शिक्षा, विज्ञान, कानून, प्राविधिक शिक्षा र व्यवस्थापन सङ्कायमा अध्ययन–अध्यापन हुँदै आएको छ। विद्यालयका प्रअ दिनेश थापाका अनुसार २०७१ सालदेखि लगातार चारपटक विद्यालय अन्तर्राष्ट्रिय स्कूल अवार्डबाट सम्मानित भएको मात्र होइन, देशभरका सामुदायिक विद्यालयमध्ये सर्वोत्कृष्ट भई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट रु दुई लाखसहित पुरस्कृत पनि भएको छ। विसं २०७५ मा बुटवल–१० कै मानव ज्ञान माविसँग गाभिएर कालिका मानव ज्ञान बनेको विद्यालयमा ८,०७२ विद्यार्थी अध्ययनरत छन्। "हामी विद्यार्थीलाई पढाउनेभन्दा आफैं सिक्न प्रेरित गर्छौं र प्रोजेक्ट वर्कमा विशेष जोड दिन्छौं, यो नै हाम्रो सफलताको आधार हो"–प्रअ थापा भन्छन्।

सानो चुहिने भवनबाट अध्ययन–अध्यापन शुरू भएको बुटवल– ११ स्थित नहरपुर मावि पनि अहिले भौतिक र शैक्षिक दुवै हिसाबले अगाडि छ। विद्यालयमा नयाँ भवनसहित पुस्तकालय र प्रयोगशाला पनि निर्माण गरिएको छ। पाँच वर्ष अघिसम्म झन्डै ६०० विद्यार्थी रहेको विद्यालयमा अहिले १,५५० विद्यार्थी अध्ययन गरिरहेका प्रअ धनिश्वर गौतम बताउँछन्। "हामीकहाँ निम्न आय भएका विद्यार्थी धेरै छन्। पढ्न चाहने जो कोहीलाई भर्ना लिने गरिएको छ"– प्रअ गौतम बताउँछन्। विद्यालयको शैक्षिक र भौतिक अवस्था सुधारका लागि उपमहानगरपालिकाले निकै सहयोग गरेको उनको भनाइ छ।

शैक्षिक गुणस्तरमा मुलुककै उत्कृष्ट हुन लागिपरेका यस क्षेत्रका सामुदायिक विद्यालयहरूलाई उपमहानगरपालिकाको 'सिङ्गो बुटवल एक विद्यालय'को अवधारणाले थप बल मिलेको छ। स्थानीय सरकारको पर्याप्त साथ र सहयोगले सामुदायिक विद्यालयका सञ्चालक, शिक्षक र विद्यार्थी हौसिएका छन्। सबै विद्यालयमा भौतिक पूर्वाधार र दक्ष जनशक्तिको प्रबन्ध गर्दै विद्यार्थीका लागि एकै खालका पोशाकको व्यवस्था गरिने उपमहानगरपालिकाका उपप्रमुख गुमादेवी आचार्य बताउँछिन्। उनका अनुसार शैक्षिक गुणस्तर वृद्धि अभियान अन्तर्गत अब्बल शिक्षकले कुनै एक विद्यालयमा मात्र नभई नगरका आवश्यक सबै विद्यालयमा पुगेर पठनपाठन गराउनुपर्छ। यसले शिक्षाको गुणस्तर विकासलाई प्रभावकारी बनाउँछ।

बुटवलमा स्थानीय पाठ्यक्रममा आधारित स्थानीय पाठ्यपुस्तक 'हाम्रो बुटवल' कक्षा १ देखि ८ सम्म लागू भएको छ। शैक्षिक स्तर वृद्धिका लागि उपमहानगरको सहयोगमा सामुदायिक विद्यालयमा विज्ञान र कम्प्युटर प्रयोगशाला निर्माण भएका छन्। उपप्रमुख आचार्यका अनुसार एक करोड ५० हजार बराबरको लगानीमा विभिन्न विद्यालयमा विज्ञान प्रयोगशाला र कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला निर्माण गरिएको छ। शैक्षिक गुणस्तरको विकासबाटै दक्ष जनशक्ति उत्पादन हुने र त्यसबाटै 'सबल आर्थिक केन्द्र समुन्नत बुटवल' को अवधारणाबाट समृद्ध बुटवल निर्माणको लक्ष्य साकार पार्न सहज हुने प्रमुख शिवराज सुवेदीको जिकीर छ।

उपमहानगरका शिक्षा शाखा प्रमुख टीकाराम पन्थीका अनुसार शैक्षिक सुधारका लागि कुल बजेट करीब ४० करोड विनियोजन गरिएको छ। यहाँका नौ सामुदायिक विद्यालयमा 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' लागू गरिएको छ। बुटवल माविमा कम्प्युटर तथा सूचना प्रविधि व्यवस्थापनका लागि रु छ लाख ५० हजार, उजिरसिंह माविमा कम्प्युटर अर्थात् सूचना प्रविधि प्रयोगशालाका लागि उपमहानगरमार्फत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गरी रु २५ लाख विनियोजन भएको थियो।

लक्ष्मी मावि, नयाँगाउँ मावि, मोतीपुर मावि, भवानी मावि र अमर माविमा विज्ञान प्रयोगशाला र कम्प्युटर तथा सूचना प्रविधि व्यवस्थापन कक्ष सञ्चालित छ। यसका लागि प्रतिविद्यालय रु ६,५०,००० का दरले बजेट विनियोजन भएको थियो। यस्तै बुटवलकै जितेश्वरी माविमा रु ३० लाख बराबर लगानीमा नयाँ भवन निर्माण भएको उपमहानगरका शिक्षा शाखाका पन्थीले जानकारी दिए। उजिरसिंह माविमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रु २५ लाख बराबर लगानीमा कम्प्युटर प्रयोगशाला निर्माण भएको छ। मोतीपुर माविमा अहिले ७२५ विद्यार्थी छन्। विज्ञान प्रयोगशाला सञ्चालन गरेर आवश्यकता अनुसार विस्तार गर्दै जाने योजना छ। पछिल्लो समय विद्यार्थी–चाप बढ्दा विद्यालयलाई थप ६ कोठा चाहिएको छ।

बुटवल–१८ सौराहाको भवानी माध्यमिक विद्यालयको सानो झुपडीबाट शुरू भएर अहिले आधुनिक भवन निर्माण भएको छ। प्रअ मञ्जु घिमिरेका अनुसार भौतिक पूर्वाधार मात्र नभई गुणस्तरका हिसाबले पनि विद्यालय अगाडि छ।

यस क्षेत्रका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार र गुणस्तर बढेपछि अभिभावक पनि सन्तुष्ट छन्। "पहिले त छोराछोरी सरकारी स्कूलमा पढ्छन् भन्न गाह्रो लाग्थ्यो, अहिले गर्व लाग्छ"– अभिभावक राधिका खनाल भन्छिन्। अहिले सामुदायिक विद्यालयलाई हेर्ने दृष्टिकोण फेरिएको उनको भनाइ छ। विद्यार्थीमा पनि उत्साह जागेको छ। "अब आफ्नै विद्यालय राम्रो लाग्छ"– नहरपुर माविका विद्यार्थी सुस्मिता विकको अनुभव छ। उपमहानगर पालिकाको योजनाबद्ध कामले बुटवलका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा आमूल परितर्वन आएको हो। शैक्षिक विकासका लागि पञ्चवर्षीय योजना बनाएर कार्यान्वयन गरेको उपमहानगरले सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिने लक्ष्य लिएको शिक्षा तथा स्वास्थ्य महाशाखा प्रमुख उपसचिव मित्रमणि खनाल बताउँछन्। त्यसका लागि उपमहानगरले छात्रवृत्ति, समयमा पुस्तक उपलब्धता, शिक्षकलाई प्रशिक्षण, विद्यालयको नियमित अनुगमन र शैक्षिक विज्ञसँग सुझाव लिएर विद्यालय सुधारको काम गरिरहेको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले यहाँका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर मुलुकमै उत्कृष्ट साबित गरेको छ। सामुदायिक माविको कार्य सम्पादनमा बुटवलले उत्कृष्ट नतीजा दिएको हो। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले देशभरिबाट नमूना विद्यालय छनोट गरेर सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षण गरेको थियो जसमा रूपन्देहीका १६ वटै पालिकाका २०० विद्यालयसहित देशभरका ९९६ विद्यालय समावेश थिए। बुटवल ८३.२ अङ्क ल्याउँदै प्रथम बन्यो।

महाशाखा प्रमुख खनालका अनुसार विद्यालयका शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको तलबभत्ता महीनैपिच्छे भुक्तानी हुन्छ। पहिले चार महीना कुर्नुपर्थ्यो। सामुदायिक विद्यालयका १३,५७२ विद्यार्थीका लागि आवश्यक पाठ्यपुस्तकको रकम विद्यालयको खातामा निकासा गरिन्छ।

नीतिगत र कानूनी मान्यतासहित शिक्षाको विकास होस् भनेर नगर शिक्षा ऐन कार्यान्वयनमा छ जसले संस्थागत विद्यालयमा पढ्ने बालबालिकाका लागिसमेत १० प्रतिशत जेहेनदार तथा लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्था गरेको छ।

परीक्षाको नियमित अनुगमन, निरीक्षण र पृष्ठपोषणका काममा जनप्रतिनिधि आफैं खट्छन्। कम दरबन्दी रहेका केही विद्यालयमा ११ शिक्षकको व्यवस्था उपमहानगरले गरेको छ। विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गर्न शिक्षक मात्रै नभएर जनप्रतिनिधि नै खटाउने व्यवस्था छ।

बुटवलले बालबालिकाको शिक्षाको गुणस्तर मापनका लागि सबै सामुदायिक विद्यालयमा कक्षा २ र ३ मा अध्ययन गर्ने २०/२० विद्यार्थीमा पठनसीपमा आधारित परीक्षण सञ्चालन गर्ने गरेको छ। यसको नतीजाले शिक्षामा सुधार भएको छ। शैक्षिक पात्रो र विज्ञ समूह निर्माण, छलफल, विद्यालयलाई पृष्ठपोषणका काम नियमित हुँदा विद्यालयको शैक्षिक गुणस्तरमा उल्लेख्य सुधार देखिएको हो। धार्मिक, वैकल्पिक तथा विशेष विद्यालयलाई नगर स्रोतबाट अनुदान उपलब्ध गराउने गरिएको छ।

धार्मिक, वैकल्पिक तथा विशेष विद्यालयलाई नगर स्रोतबाट अनुदान उपलब्ध हुन्छ। उपमहानगरले विद्यालय र शिक्षकलाई प्रोत्साहन गर्न उत्कृष्ट अङ्क ल्याउनेलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने गरेको छ। बुटवलमा तीन मदर्सासहित ३८ सामुदायिक विद्यालय छन्। बालविकास केन्द्र ६१ तथा संस्थागत विद्यालय ५७ छन्। सबै विद्यालय गरेर करीब ५८ हजार विद्यार्थी छन्।

अन्त्यमा,

वीरगंजका सामुदायिक विद्यालयमा भौतिक पूर्वाधारको कमी छैन। कमी छ छ भने दृढ सङ्कल्प, विज्ञ समूह गठन, विज्ञान र प्रविधिलाई शिक्षासँग जोड्ने, समुदायमा व्यापक बहस गरी समाजबाट अनुमोदन प्राप्ति, शिक्षित युवाहरूको सहयोग र सहकार्य। जबसम्म सामुदायिक विद्यालयको अवस्थामा सुधार हुँदैन तबसम्म दिगो विकासको परिकल्पना साकार हुँदैन र समाजमा दुई वर्गबीच खाडल रहिरहन्छ।

# अग्निपीडितलाई लहान नगरपालिकाको सहयोग

सिराहा, २४ वैशाख/रासस

सिराहाको लहान नगरपालिका–१७ का आगलागीपीडित रामदेव राम र रामेश्वर रामलाई नगरपालिकाले राहत सामग्री उपलब्ध गराएको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले ५०/५० किलो चामल, त्रिपाल, भाँडाकुँडा, दाल, तेल, नूनलगायत दैनिक उपभोग्य सामग्री वितरण गरेका हुन्।

राहत सामग्री हस्तान्तरण गर्दै नगरप्रमुख चौधरीले अग्निपीडितको छानामा जस्तापाता लगाउन नगरपालिकाबाट थप रु २५/२५ हजार नगद उपलब्ध गराउने बताए। "पीडितलाई जीविकोपार्जनमा सहज होस् भन्ने उद्देश्यले राहत सामग्री वितरण गरिएको हो," उनले भने, "दलित तथा विपन्न समुदायलाई स्थानीय सरकार भएको महसूस गराउनु जनप्रतिनिधिको प्रमुख दायित्व हो।" एक साताअघि पीडित बस्दै आएको घर तथा कटेरोमा आगलागी भएको थियो।

यसअघि मुस्लिम समुदायबाट पनि मोहम्मद सेराजको अगुवाइमा पीडितलाई खाद्यान्न तथा लत्ताकपडा सहयोग गरिएको थियो। आगोले घर जलेपछि अस्थायी संरचना बनाउन स्थानीयले सहयोग गरिरहेका छन्।

**सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८**

# ‘लाइसेन्स’मा उठेका प्रश्नको समाधान गर्नुहोस् –प्रधानमन्त्री

काठमाडौं, २४ वैशाख/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सवारी चालक अनुमतिपत्रको वर्तमान अवस्था र त्यसमा देखिएका समस्याको समाधानबारे यातायात व्यवस्था विभागका अधिकारीहरूसँग छलफल गरेका छन् ।

सोमवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्रीले सवारी चालक अनुमतिपत्रको वर्तमान अवस्था, विभागको प्रणालीमा देखिएका समस्या, जनस्तरमा उठेका विषय र विभागले निर्वाह गर्नुपर्ने भूमिकालगायतका विषयमा केन्द्रित रहेर विभागका अधिकारीहरूसँग छलफल गरेका हुन् ।

छलफलमा प्रधानमन्त्रीले लाइसेन्सका सम्बन्धमा जनस्तरमा असन्तुष्टि र आक्रोश देखिएको बताउँदै त्यसलाई तत्काल सम्बोधन गर्न निर्देशन दिए । प्रधानमन्त्री प्रचण्डले भने, “सवारी चालक अनुमतिपत्रबारे बाहिर गम्भीर प्रश्नहरू उठेका छन् । यसमा जनताको गम्भीर आलोचना, असन्तुष्टि, आक्रोश देखिन्छ । खासगरी युवाहरूले समयमैं सेवा नपाएकोलगायतका गुनासो राख्ने गरेका छन् । लाइसेन्स जसरी वितरण



हुनुपर्थ्यो, त्यस्तो भएको छैन । नक्कली लाइसेन्स वितरणको कुरा पनि मैले सुनेको छु । यो समस्यालाई मैले गम्भीरतापूर्वक लिएको छु । यो समस्या तत्काल समाधान गर्नुहोस् ।” छलफलमा उनले लाइसेन्सको डिजिटल प्रणालीलाई व्यवस्थित गर्नसमेत निर्देशन दिए ।

प्रधानमन्त्रीले भने, “यो नीतिगत समस्या हो कि संरचनागत हो वा हाम्रो नियतमा समस्या हो ? यसको गम्भीरता हेरी सोहीअनुरूप निरूपण गर्नुपर्छ । तसर्थ जनस्तरमा उठेका जिज्ञासा र प्रश्नको गम्भीरतापूर्वक समाधान गर्नुस् । भइरहेको प्रणालीलाई अद्यावधिक र स्तरोन्नति गर्दै नयाँ प्रणालीमा अगाडि जाने तयारी गर्नुस् ।”

सो क्रममा प्रधानमन्त्रीले यो नीति तथा कार्यक्रम र बजेटको समय भएकाले कस्तो नीति र उपायहरू अपनाउँदा यस क्षेत्रको समस्या समाधान हुन्छ, सोबारे ठोस सुझाव प्रस्तुत गर्नसमेत निर्देशन दिए ।

# आदिवासी मुसहरमा धन सञ्चय गर्ने मोह जाग्दै

गोपालप्रसाद बराल
महोत्तरी, २४ वैशाख/रासस

‘न राख्ने अन्न, न सञ्चय गर्ने धन’ मधेसका आदिवासी मुसहरसँग जोडेर भन्ने गरिएको आहान हो यो । त्यसैगरी, मुसहरको सम्पत्तिसँग जोडेर ‘पेरवा धन, मुसहर जन’ भन्ने पनि गरिन्छ । यसको अर्थ मुसहर समुदायमा घरमा रहेका सदस्य र काम गर्ने हातपाखुराबाहेक सञ्चय गर्न अरू सम्पत्ति नहुने गरेको भन्ने गरिन्थ्यो । अहिले भने त्यो मान्यता र भनाइलाई चिर्दै महोत्तरीको बर्दिबास नगर क्षेत्रका मुशहरहरूमा अवसरको खोजी र धन सञ्चय गर्ने बानीको विकास हुन थालेको छ ।

आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक अवसरबाट टाढा रहेका मुसहरमा पछिल्लो समय बढ्दै गएको चेतनाका कारण क्रमशः आर्थिक गतिविधिमा सरिक हुने र भविष्यका लागि जोहो गर्ने मोह जाग्दै गएको छ । यस कार्यमा बर्दिबास नगरपालिकाले सञ्चालन गरेको तीन वर्षे लघु जीवन बीमा कार्यक्रम निकै सहयोगी भएको छ ।

मुसहर आमरूपमा आज खाने तर भरे, भोलिको चिन्ता गरेर सञ्चय नगर्ने समुदाय भनेर चिनिंदै आएका छन् । एकाबिहानै गिरहत (काम दिने व्यक्ति) कहाँ काम गर्ने र त्यसबापत पाएको बनी (पारिश्रमिक)को आधा रकमले चामल र आधाले मरमसला किन्ने, दिउँसो घोडी र माछा मार्न जाने, साँझ परिवारका सबै सदस्य एकसाथ बसेर खाने मुसहरको आम चलन नै हो । काममा सबै सँगै, खान पनि सबै सँगै भन्ने नीति यो समुदायको विशिष्ट परम्परा हो ।

महोत्तरीको एकडारा गाउँपालिकास्थित भटौलिया बस्तीका सामाजिक अगुवा विजय कर्ण मधेसका अन्य जाति समुदायमा नदेखिने यो चलन मुसहरको विशिष्ट संस्कृतिका रूपमा रहेको बताउँछन् । “कृषि कार्यमा पोख्त मानिने मुसहर एकाबिहानै काम गरेर पाएको बनीले त्यो दिनको गर्जो टर्ने भएपछि दिउँसो कसैकहाँ काम गर्न जाँदैनन् । ‘कमाइ ल्यायो, भुटी खायो’ आहान पनि प्रयोग हुने यो समुदायलाई यसै कारण ‘न राख्ने अन्न, न सञ्चय गर्ने धन’ भन्ने कहावत (आहान)सँग जोडिन्छ,” कर्णले भने । सामान्यतया घरआँगनको खोपमा पालिने परेवा भोलिपल्टै अर्कैको खोपमा पुग्छ, त्यसैले यो धन स्थिर मानिंदैन भनेझैं मुसहरले पनि भोलि कहाँ र के काम गर्ने भन्ने टुङ्गो हुँदैन । यसैले यो समुदायसँग जोडेर



तस्वीरः फाइल/प्रतीक

मधेसमा ‘पेरवा धन, मुसहर जन’ भन्ने गरिएको कर्णको भनाइ छ ।

नगरप्रमुख प्रहलादकुमार क्षत्रीले पुस्तौदेखि यस्तै गर्दै आइरहेका मुसहर समुदायको बानीबेहोरा बदल्न र सञ्चय गर्ने संस्कार बसाल्न अहिले नगरपालिकाले सामूहिक बीमा कार्यक्रम सञ्चालन गरेको बताए । सञ्चिति अभियानका लागि हाल वडा नं १०, १२ र १४ का गरी २३५ परिवारका ३५३ जनालाई ‘सामूहिक म्यादी जीवन बीमा’ कार्यक्रममा आबद्ध गराएको उनले जानकारी दिए । जीवन बीमामा जोडिएका मुसहरमा अब क्रमशः कमाएको रकम सञ्चय गर्ने बानी विकास हुँदै गएको क्षत्रीको भनाइ छ । “चरम गरीबी, अशिक्षा र सामाजिक चेतनाको कमीले कष्टकर जीवन बिताइरहेका मुसहर समुदायलाई क्रमशः अर्थोपार्जनका लागि अवसरमा जोड्दै सञ्चय अभियान शुरू गरेका छौं । यसको प्रारम्भ भने बीमाबाट गरेका छौं,” नगरप्रमुख क्षत्रीले भने, “यस कार्यले उहाँहरूमा अर्थोपार्जनका अवसरमा रुचि बढाउँदै नानीबाबुहरूलाई विद्यालय पठाउन र कमाएको केही अंश बचत गर्ने बानी बस्दैछ ।”

केही कागजात अपुग भएकाबाहेक १८ देखि ६९ वर्षसम्मका नगर क्षेत्रका सबै मुसहर यस कार्यक्रममा समेटिएका छन् । नगरपालिकाले नै बीमा रकम एकमुस्ट जम्मा गरिदिएर यो कार्यक्रम शुरू गरेको हो । हाल बर्दिबास–१० खयरमाराका २५ परिवारका ४३ जना, वडा नं १२ विजलपुराका १५० परिवारका २०२ र बर्दिबास–१४ नमूना मुसहर

(बाँकी पाँचौं पातामा)

# सर्लाही कारागारमा कैदीबन्दी व्यवस्थापनको समस्या

बरहथवा (सर्लाही), २४ वैशाख/रासस

जिल्ला कारागार, सर्लाहीमा क्षमताभन्दा धेरै कैदीबन्दी पुगेपछि व्यवस्थापनमा समस्या भएको छ । सञ्चालनको साढे तीन महीनामैं कैदीबन्दीको सङ्ख्या क्षमताभन्दा धेरै भएको कारागार प्रशासनले जनाएको हो । जिल्ला कारागार, मलङ्गवा, सर्लाहीमा १६० जना पुरुष र ५० जना महिला गरी २१० जनाको क्षमता रहेको छ । कारागारमा महिला, पुरुष कैदीबन्दी गरेर २४३ जना पुगेको कारागारका जेलर मनोजकुमार मिश्रले जानकारी दिए ।

जेलर मिश्रका अनुसार महिला सेलतर्फ २३ जना कैदीबन्दी छन् । पुरुषतर्फ २२० जना पुगेका छन् । पुरुषतर्फ कैदीबन्दी धेरै भएपछि कोठा नपुगेर बरण्डालगायतका स्थानमा व्यवस्थापन गर्नुपरेको उनले बताए । “महिला सेलतर्फ कम छन्,” जेलर मिश्रले भने, “तर पुरुषतर्फ क्षमताभन्दा ६० जना धेरै भइसकेका छन् । हामीले बरण्डा लगायतका ठाउँमा पङ्खा लगाएर सुत्ने व्यवस्था गरेका छौं ।”

कैदीबन्दीको सङ्ख्या धेरै हुँदा बस्ने ठाउँको अभावसँगै ट्वाइलेट, बाथरूमलगायतका ठाउँमा कैदीबन्दीलाई सकस हुन थालेको छ । नित्यकर्मका लागि निकै समय लाइन बस्नुपर्ने बाध्यता रहेको कैदीबन्दीले बताउने गरेको जेलर मिश्रले बताए । ठाउँ अभावका कारण कोचमकोच गरेर सुत्नुपर्ने अवस्था छ । कैदीबन्दीको सङ्ख्या बढ्दो क्रममा रहेकाले आगामी दिनमा थप समस्या हुने जेलर मिश्रको भनाइ छ ।

सो कारागार ११ वर्षपछि गत माग ७ गतेदेखि सञ्चालनमा आएको थियो । तत्कालीन उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले कारागारको उद्घाटन गरेका थिए । जीर्ण भएका कारण बन्द गरेर २०६९ माघदेखि निर्माण शुरू गरेको कारागार विभिन्न कारणले निर्माण सम्पन्न हुन ११ वर्ष लागेको थियो ।

यसैबीच, कारागारलाई सुधारगृहका रूपमा सञ्चालन गर्ने सरकारको नीति अनुसार कैदीबन्दीलाई क्षमता र इच्छा अनुसार काम गर्ने वातावरण बनाइएको जेलर मिश्रले बताए । दुई पैसा आम्दानीसमेत हुने तथा व्यवस्थापनमा सहज हुनेगरी कारागारमा विभिन्न काममा कैदीबन्दीलाई जोड्ने गरिएको उनको भनाइ छ ।

कारागारमा रहेका कैदीबन्दीले बत्ती काट्ने, गलैंचा बुन्ने, कपडा सिलाउने, मुढा बनाउने, कपाल काट्ने, कपडा धुनेलगायतका काम गर्ने गरेका छन् । यसरी उनीहरूले परिवारमा आर्थिक सहयोग गरिरहेको जेलर मिश्रले बताए ।

# हिरासतमैं छँदा अस्पताल भर्ना हुन सिफारिश अनिवार्य

काठमाडौं, २४ वैशाख/रासस

अनुसन्धान वा अभियोजनका क्रममा पक्राउ परेका व्यक्ति अस्पताल बस्नुपरे सरकारी अस्पताल वा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकको सिफारिश अनिवार्य गरिएको छ । तर मानसिकरूपमा अस्वस्थ वा अस्पतालमैं बसेर उपचार गराउनुपर्ने दीर्घरोगीको हकमा भने सिफारिश अनिवार्य गरिएको छैन ।

पक्राउ पर्ने व्यक्तिहरू हिरासतमा नबसी अस्पताल भर्ना हुने प्रवृत्तिप्रति जनस्तरबाटै प्रश्न उठेपछि गृह मन्त्रालयले मन्त्रीस्तरीय निर्णय अनुसार उक्त व्यवस्था गरेको हो । पक्राउ परेका व्यक्तिहरूलाई अस्पताल बस्न चिकित्सकले गर्ने सिफारिशसमेत असामान्य र अविश्वसनीय भएको भन्दै यस्तो प्रवृत्ति न्यूनीकरण गर्न उक्त व्यवस्था गर्न लागिएको जनाइएको छ । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको सचिवालयले सोमवार सार्वजनिक गरेको विवरण अनुसार अस्पताल लैजानुपर्ने विकल्पका रूपमा हिरासतमैं सरकारी अस्पताल अथवा नेपाल मेडिकल काउन्सिल दर्ता चिकित्सकले परीक्षण गरेर मात्रै अस्पताल राख्नुपर्ने/नपर्ने सम्बन्धमा निर्णय हुने र सोही अनुसार गर्न निर्देशन दिइएको जनाएको छ ।

तर शारीरिक एवं मानसिकरूपमा अस्वस्थ भएको अवस्था, दीर्घरोगीहरू जस्तैः उच्च रक्तचाप, मधुमेहलगायत नियन्त्रण नभएर अस्पतालमैं बसेर उपचार गर्नुपर्ने अवस्थामा भने अस्पताल लग्नुपर्ने निर्देशनमा उल्लेख गरिएको छ ।

अस्पतालमा निगरानीका लागि ४८ घण्टाभन्दा बढी राख्नुपरेमा उपयुक्त

(बाँकी अन्तिम पातामा)

# बारामा १० हजार मेट्रिकटन दलहन उत्पादन

कलैया, २४ वैशाख/रासस

बारामा यस वर्ष १० हजार मेट्रिकटन दलहन उत्पादन भएको छ ।

कृषि ज्ञान केन्द्र, बाराका प्रमुख राजनारायणप्रसाद साहले यस वर्ष किसानले विभिन्न प्रकारका दलहन खेती गरी रु १० अर्ब बराबरको कुल १० हजार ३०५ मेट्रिकटन दलहन उत्पादन गरेको जानकारी दिए ।

उत्पादित दलहनको प्रतिक्विन्टल रु १० हजारको दरले बिक्री वितरण भइरहेको र यस वर्ष यहाँका किसानले रु १० अर्ब ३० करोड ५० लाखभन्दा बढी आम्दानी गरेको उनले बताए ।

जिल्लामा मसुरो, रहर कुल ११ हजार ४५० हेक्टर क्षेत्रफलमा खेती गरिएकामा १० हजार ३०५ मेट्रिकटन उत्पादन भएको कृषि प्रचार अधिकृत रामजीवन ठाकुरले जानकारी दिए ।

गत वर्ष भने ११ हजार ६५० हेक्टर क्षेत्रफलमा खेती गरिएकामा ११ हजार ६९ मेट्रिकटन दलहन उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।




**पेट्रोलियम पदार्थ तथा ग्याँस खानी अन्वेषणस्थलः** दैलेखको भैरवी गाउँपालिका–१ जलजलेस्थित पेट्रोलियम पदार्थ तथा ग्याँस खानीको अन्वेषणका लागि पहिचान गरिएको मुख्य ड्रिलिङ (जमीनमुनिसम्म खन्ने कार्य) गर्ने स्थल ।
तस्बिरः सुरेश आचार्य/रासस

# कान्तिपुर सिनेमाजबाट सर्टफिल्म ‘भाउ’ रिलिज, युट्युबमा टिजर

काठमाडौं, २४ वैशाख/रासस

विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा छनोट भएको सर्टफिल्म ‘भाउ’ (कस्ट अफ लिभिङ) कान्तिपुर सिनेमाज् ओटीटी प्लेटफर्ममार्फत सार्वजनिक भएको छ । ‘भाउ’को टिजर ऐना आर्ट्सको युट्युब च्यानलबाट रिलिज गरिएको छ । टिजरमा कबाडीवालाको कथा प्रस्तुत गरिएको छ । तराईबाट काठमाडौं आएर कबाडखानामा काम गर्दै जीवन गुजाराको लागि सङ्घर्ष गरिरहेको एउटा मधेसी समुदायको सामान्य परिवार र राजधानीमा घर भएको दुई वर्गको अन्तरलाई टिजरमा देखाउन खोजिएको छ । पोस्टरमा प्रयोग गरिएको र टिजरमा एउटा सिनेमा शहरमा भएको ठूलो अपार्टमेन्ट अगाडिको दृश्यले हुँदाखाने र हुनेखानेबीचको खाडललाई भाउले देखाउन खोजेको स्पष्ट हुन्छ । काठमाडौं र भक्तपुरमा छायाङ्कन भएको लघु चलचित्रमा कबाडीवालाको भूमिका कलाकार सुवास गजुरेलले निर्वाह गरेका छन् । अन्य कलाकारहरूमा सुजिता शाह, रेनुका कार्की र सुमन थापाले अभिनय गरेका छन् । लघु चलचित्रको छायाङ्कन नारायण जिसीले गरेका हुन् भने सहायक निर्देशन करण साउदले गरेका छन् । अङ्ग्रेजी सब्टाइटलसहित मैथिली र नेपाली भाषा प्रयोग भएको फिल्ममा भाषा अनुवाद राम श्रेष्ठ र आर के मेहताले गरेका छन् । प्रोडक्शन म्यानेजमेन्ट नरेन भट्टराईले गरेका हुन् । सम्पादन गणेश बिसी र कलरिङ राकेश दाहालले गरेका छन् ।

चलचित्रसम्बन्धी विभिन्न विधामा




पढाइ सञ्चालन भइरहेको कान्तिपुर फिल्म एकेडेमीले नै कान्तिपुर सिनेमाज प्लेटफर्म सञ्चालन गरेको हो । नेपाल र विश्वभर छरिएर रहेका चलचित्रप्रेमी दर्शकहरूको लागि र राम्रा चलचित्रहरू निर्माण गर्नेहरूका लागि कान्तिपुर सिनेमाज राम्रो प्लेटफर्म भएको कान्तिपुरका फाउन्डर तथा सिइओ प्रकाश पुरी बताउँछन् ।

‘भाउ’ इटालीको फेस्टिभल देल सिनेमा दि सेफलुको नोमिनेशन र जिम्बाब्वेको भर्सिटी फिल्म एक्स्पोमा होनोरेबल मेन्सनमा परेको थियो । अमेरिकाको स्टुडेन्ट वर्ल्ड इम्प्याक्ट फिल्म फेस्टिभल, जापानको पाँचौ मेइहोडो इन्टरनेशनल युथ भिजुअल मिडिया फेस्टिभल, नेपालको पाँचौ नेपाल अन्तर्राष्ट्रिय सांस्कृतिक चलचित्र महोत्सव र बेलायतको दुई चलचित्र महोत्सवमा छनोटमा परेको थियो ।

भाउको लेखन तथा निर्देशन मोहन अभिलाषीले गरेका हुन् । लघु चलचित्र ‘भाउ’मा मानिसको जीवनको मूल्य दर्शाउन खोजेको उनी बताउँछन् । उनकै लेखन तथा निर्देशनमा तयार भएको लघु चलचित्र ‘पाउलो’ र ‘द स्कूल वाल’ विभिन्न देशमा छनोटमा परिसकेका छन् । ‘घुर्रा’ले उत्कृष्ट सर्टफिल्मको अवार्डसमेत जितिसकेको छ । उनकै लेखन तथा निर्देशनमा अर्को सर्टफिल्म ‘दृश्य’ को निमार्णको तयारी भइरहेको उनी बताउँछन् ।

# समृद्ध मुलुकका लागि जिम्मेवार पत्रकारिताको खाँचो

विचार



रेखा शर्मा

**पत्रकारिताको बढ्दो विकाससँगै चुनौती पनि थपिँदै गएका छन्। परम्परागत र नयाँ विद्युतीय आमसञ्चारमाध्यमदेखि सामाजिक सञ्जालसम्म आधारहीन सामग्री सम्प्रेषण हुन नदिन सजग हुनुपर्छ। गलत र भ्रमपूर्ण सूचना सम्प्रेषणका कारण आज सम्पूर्ण क्षेत्रजस्तै पत्रकारिता क्षेत्र पनि आक्रान्त छ।**

नेपालमा पहिलो समाचारमूलक पत्रिका गोरखापत्र प्रकाशन आरम्भ भएको दिनको स्मरणमा हरेक वर्षको वैशाख २४ गते राष्ट्रिय पत्रकारिता दिवस मनाउने गरिएको छ। यो वर्ष हामी 'सूचनामा नागरिकको पहुँच र अधिकार, जवाफदेही पत्रकारिता सुरक्षित पत्रकार' भन्ने मूल नारासहित राष्ट्रिय पत्रकारिता दिवस मनाउँदै छौं। नेपाली पत्रकारिताको समीक्षा गर्दै आगामी बाटो अझै सहज र फराकिलो बनाउन आज महत्त्वपूर्ण दिन पनि हो। राष्ट्रिय पत्रकारिता दिवस मनाइरहँदा पत्रकारिताको विकास, चुनौती, स्वतन्त्रतासँगै हाम्रो दायित्वलगायत विषयमा पनि समीक्षा हुन जरुरी छ। हरेक नागरिकले सूचनाको हक प्रयोग गर्नसमेत यो महत्त्वपूर्ण हुन्छ।

सरकारले विसं २०७३ मा पत्रकारिता दिवस राष्ट्रियरूपमै मनाउन मान्यता दिएपछि यो दिवस मनाउन थालिएको हो। आजभन्दा १२३ वर्ष पहिले १९५८ वैशाख २४ गते नेपालमा पहिलो समाचारमूलक पत्रिका साप्ताहिकरूपमा गोरखापत्रको प्रकाशन आरम्भ भएको थियो। सरकारी तहबाट समाचारमूलक पत्रिका प्रकाशन हुन थालेको झन्डै सवा सय वर्ष पुगे पनि निजी क्षेत्रबाट भने २००७ सालको क्रान्तिपछि मात्रै सञ्चार माध्यमहरू प्रकाशन/प्रसारण हुन थालेका हुन्। २००७ सालको क्रान्तिकै बीचबाट रेडियो प्रसारण आरम्भ गरिएको थियो भने प्रजातन्त्रको आगमनसँगै निजी क्षेत्रका पत्रपत्रिका प्रकाशन हुन थालेका हुन्।

प्रजातन्त्रसँगै पत्रकारिता पनि फस्टाउन खोजिरहेकै बेला पञ्चायती व्यवस्थाका कारण पुनः प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको जगजाहेर नै छ। पञ्चायतको कालरात्रिमा जनतालाई जागरुक बनाउन नेपाली पत्रकारिता क्षेत्रले निर्वाह गरेको ऐतिहासिक भूमिका हामी युगयुगसम्म सम्झिरहने छौं। विभिन्न राजनीतिक आन्दोलनका बेलामा जनतामा जागरण ल्याउन पत्रकारिता क्षेत्रले एतिहासिक भूमिका निर्वाह गर्दै आएको छ।

राजनीतिक अधिकारविना प्रेस स्वतन्त्रता सम्भव नहुने र प्रेस स्वतन्त्रताविनाको राजनीतिक अधिकार अपूर्ण हुने भएकोले राजनीति र पत्रकारिता सँगसँगै अघि बढेको हाम्रो इतिहास छ। राजनीतिक अधिकार र प्रेस स्वतन्त्रताको अधिकार सँगसँगै अघि बढ्ने भएकोले हिजोका ठूला-ठूला राजनीतिक परिवर्तनका सङ्घर्षमा नेपालको पत्रकारिता क्षेत्रले परिवर्तनको महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको हो। अब राजनीतिक तथा प्रेस स्वतन्त्रताको अधिकारलाई थप स्थापित गर्दै बदलिएको व्यवस्था अनुकूल जनताको अवस्था बदल्न राजनीति र पत्रकारिता एउटै अभियानमा अघि बढ्न आवश्यक छ।

हामी संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रताको व्यावहारिक अभ्यासका क्रममा छौं। संविधानको प्रस्तावनामैं राखिएको पूर्ण प्रेस स्वतन्त्रताको व्यावहारिक कार्यान्वयनले मात्रै अब नेपाली पत्रकारहरूको अधिकार सुनिश्चित भएको मानिने छ। प्रेस स्वतन्त्रताको उपयोग गर्दा सत्य, तथ्य, विश्वसनीय र भरपर्दो सूचना पाउने नागरिकको नैसर्गिक अधिकारको सम्मान हुनुपर्दछ। प्रेस स्वतन्त्रता, लोकतन्त्र र राष्ट्रियताको संरक्षण, सामाजिक न्याय र समानताको प्रत्याभूति गर्दै शान्ति र स्थायित्वको प्रवर्द्धन तथा मानव अधिकारसम्बन्धी सरोकारलाई प्राथमिकतामा राखेर विकास र निर्माणमा सरकार अग्रसर रहेको छ। अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सूचना प्रवाहमा स्थापित अन्तर्राष्ट्रिय मूल्य, मान्यता र प्रचलन तथा नेपालको संविधानले प्रत्याभूत गरेको सूचना र सञ्चारसम्बन्धी मौलिक हकको कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको छ।

राजनीतिक अधिकारविना प्रेस स्वतन्त्रता सम्भव नहुने र प्रेस स्वतन्त्रताविना राजनीतिक अधिकार अपूर्ण हुने भएकोले राजनीति र पत्रकारिता सँगसँगै अघि बढेको हाम्रो इतिहास छ। राजनीतिक अधिकार र प्रेस स्वतन्त्रताको अधिकार सँगसँगै अघि बढ्ने भएकोले हिजोका ठूला-ठूला राजनीतिक परिवर्तनका सङ्घर्षमा नेपालको पत्रकारिता क्षेत्रले परिवर्तनको महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको हो। अब पनि राजनीतिक तथा प्रेस स्वतन्त्रताको अधिकारलाई थप स्थापित गर्दै बदलिएको व्यवस्था अनुकूल जनताको अवस्था बदल्न राजनीति र पत्रकारिता एउटै मिसनमा अघि बढ्न आवश्यक छ।

प्रेस स्वतन्त्रतालाई थप सुनिश्चित गर्ने गरी एक वर्षदेखि सञ्चारसँग सम्बिन्धित कानून निर्माण तथा पुनरवलोकनको काम भइरहेको छ। सञ्चार सम्बद्ध संस्था तथा यस क्षेत्रका विज्ञहरूको प्रत्यक्ष संलग्नता र राय सुझावका आधारमा कानूनको मस्यौदा गर्ने, त्यसमाथि सरोकारवाला र आम नागरिकको रायसुझाव समेत लिएर पारदर्शी र लोकतान्त्रिक विधिबाट कानून निर्माण गर्ने कार्यलाई सरकारले प्राथमिकता दिएको छ। यस अनुसार आमसञ्चार क्षेत्रको स्वनियमन प्रवर्द्धनमा केन्द्रित रहेर तयार गरिएको मिडिया काउन्सिल विधेयक भर्खरै सङ्घीय संसद्मा दर्ता भएको छ भने आम सञ्चार विधेयक चाँडै मन्त्रिपरिषद्मा पेश हुने प्रक्रियामा छ। त्यस्तै सामाजिक सञ्जाल प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी विधेयक पनि चाँडै मन्त्रिपरिषद्मा पेश हुने तयारीमा छ। छाता कानूनको रूपमा आमसञ्चार ऐन बनाएर सङ्घीयताको मर्म अनुसार नेपाली सञ्चार क्षेत्रको प्रवर्द्धन र व्यवस्थापन गर्ने सरकारको उद्देश्य रहेको छ।

यही ऐन अन्तर्गत बन्ने आमसञ्चार प्रतिष्ठानमार्फत मिडियाको प्रवर्द्धन र व्यवस्थापन, श्रमजीवी पत्रकारको पेशागत अधिकारको संरक्षण र लोककल्याणकारी कोष सञ्चालन लगायत काम एउटै निकायबाट अघि बढाउने सरकारको सोच रहेको छ। सरकारी स्वामित्वका सञ्चार माध्यमलाई थप स्वायत्त र प्रभावकारी बनाउने उद्देश्यले अघि बढाइएको सार्वजनिक मिडियासम्बन्धी विधेयक प्रतिनिधिसभाको विषयगत समितिमा छलफलका क्रममा रहेको छ।

पत्रकारिताको बढ्दो विकाससँगै चुनौती पनि थपिंदै गएका छन्। परम्परागत र नयाँ विद्युतीय आमसञ्चारमाध्यमदेखि सामाजिक सञ्जालसम्म आधारहीन सामग्री सम्प्रेषण हुन नदिन सजग हुनुपर्छ। गलत र भ्रमपूर्ण सूचना सम्प्रेषणका कारण आज सम्पूर्ण क्षेत्रजस्तै पत्रकारिता क्षेत्र पनि आक्रान्त छ। सत्य, तथ्य जान्न पाउनु नागरिकको अधिकार हो। त्यसैले हामीले यो वर्षको पत्रकारिताको नारामैं सूचनामा नागरिकको पहुँच र अधिकार स्थापित गर्न जोड दिएका छौं। नागरिकले सही सूचना प्राप्त गर्न जवाफदेह पत्रकारिता चाहिन्छ र त्यसले मात्र पत्रकारलाई भौतिक र पेशागतरूपमा सुरक्षित बनाउन सक्छ।

मिडियाको सबलीकरण र श्रमजीवी पत्रकारको हित प्रवर्द्धनलाई सँगसँगै अघि बढाउन सरकारले निरन्तर काम गरिरहेको छ। मिडियाको सबलीकरणमैं सहयोग पुगोस् भनेर गत वर्ष मात्रै विज्ञापन नियमावली संशोधन गरिएको छ भने समग्र विज्ञापन क्षेत्रमा नै सुधार ल्याउनेगरी विज्ञापन नीति तर्जुमा पनि भइरहेको छ। विगत छ वर्षदेखि बढ्न नसकेको श्रमजीवी पत्रकारको पारिश्रमिक वृद्धिको प्रस्ताव मन्त्रिपरिषद्को समितिमा छलफलको क्रममा छ। छलफलका क्रममा रहेका तथा सरकारले अघि बढाएका प्रस्तावित कानून र निर्णयहरूले पूर्णता पाउँदा नेपालको आमसञ्चार क्षेत्रमा पुनःसंरचना हुने र नेपाली पत्रकारिता क्षेत्रले परिवर्तन अनुभूत गर्न सक्नेछ भन्ने सरकारको विश्वास रहेको छ।

छापा माध्यमबाट शुरू भएको पत्रकारिताको विकास क्रम आज डिजिटल मिडियासम्म पुगेको छ। सूचना तथा सञ्चार प्रविधिको तीव्रतम विकासका कारण पत्रकारिता क्षेत्रमा सिर्जित अवसरबाट लाभ लिने र चुनौतीको सामाना गर्न सक्षम भएर मात्रै आजको दिनमा पत्रकारिताको विकास गर्न सकिने छ। पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गर्दै पत्रकारको हकहित र आमसञ्चारका माध्यमहरूको सबलीकरणका लागि सम्बन्धित सबै क्षेत्रबाट आउने राय सुझावका आधारमा अघि बढ्न सरकार प्रतिबद्ध छ।

अन्त्यमा, सामाजिक उत्तरदायित्व वहन गर्दै संविधानप्रदत्त हक अधिकार उपयोग गर्न राष्ट्रिय पत्रकारिता दिवसले थप प्रेरणा प्रदान गर्ने विश्वास लिन सकिन्छ। नवौं राष्ट्रिय पत्रकारिता दिवस मनाइरहँदा पत्रकारिताका माध्यमबाट समाज रूपान्तरणको अभियानमा आफ्नो अमूल्य जीवन बलिदान दिएका शहीदहरूको योगदानलाई स्मरण गर्नैपर्दछ। पत्रकारिता क्षेत्रमा रहेर समाज रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने वरिष्ठ पत्रकारहरूको योगदान पनि स्तुत्य छ। आगामी दिनमा पनि सूचना प्रवाहमा निष्पक्ष, सन्तुलित, व्यावसायिक, जिम्मेवार र उत्तरदायित्वपूर्ण भूमिका निर्वाह गर्न पत्रकार तथा आमसञ्चार जगत्ले अझ महत्त्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गर्ने नै छ। सत्य, निष्पक्ष एवं विश्वसनीय पत्रकारिताबाटै नै मुलुकलाई समृद्धिको बाटोमा हिंड्न बल पुग्दछ।

-सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मासँग रासस प्रतिनिधिले गरेको कुराकानीमा आधारित।



**झाँक्री प्रस्तुतः** बाग्मती प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० शुभारम्भ तथा भाषा दिवस कार्यक्रम-२०८१ को उद्घाटन समारोहका अवसरमा सोमवार वसन्तपुरमा तामाङ समुदायले झाँक्री प्रस्तुत गर्दै। तस्बिरः रत्न श्रेष्ठ/रासस

## फरक समाचार

### स्वस्थ दैनिकी कसरी बनाउने ?

२४ घण्टाको दैनिकी र मुटु रोग तथा मधुमेहबीचको सम्बन्धबारे गरिएको नयाँ अनुसन्धानले चकित पार्ने नतिजा सार्वजनिक गरेको छ। यस अनुसन्धानमा




दुई हजारभन्दा बढी वयस्कहरूले सात दिनसम्म सेन्सर लगाएका थिए। जसबाट वैज्ञानिकहरूलाई उनीहरू बस्ने, उभिने, घर वा अफिसमा पानी लिन जाने र सुत्ने जस्ता ससाना कामहरूमा बिताएको समय थाहा पाएका थिए।

डायबेटोलजी जर्नलमा प्रकाशित स्विनबर्न युनिभर्सिटी अफ टेक्नोलोजी र बेकर हार्ट एन्ड डायबिटिज इन्स्टिच्युटको नयाँ अनुसन्धान अनुसार मुटुसम्बन्धी रोग, स्ट्रोक र मधुमेहको जोखिम कम गर्न ८ घण्टा सुत्नु आवश्यक छ। साथै कम्तिमा २.२ घण्टा हलुकादेखि मध्यम गतिविधि पनि हरेक दिन आवश्यक हुन्छ।

२४ घण्टा यसरी बाँडौं:

निद्राको लागि आठ घण्टाः निद्रा स्वास्थ्यको लागि औषधिजस्तै हो। यस्तो अवस्थामा आठ घण्टा सुत्दा हृदयाघात, स्ट्रोक र मधुमेहको जोखिमलाई कम गर्न मदत गर्छ।

हल्का गतिविधिः हरेक दिन कम्तिमा २.२ घण्टा हलुकादेखि मध्यम गतिविधिहरू जस्तैः पानी पिउन उठ्ने, बाथरूम जाने वा साथीहरूसँग घुम्ने। यो गतिविधिले चिनी नियन्त्रण गर्न र मेटाबोलिज्म बढाउन मदत गर्छ।


उभिनुः हरेक दिन कम्तिमा ५.२ घण्टा उभिनुपर्छ। बस्ने समय घटाउने र उभिने समय बढाउँदा हृदय रोगबाट बच्न मदत गर्छ।

मध्यमदेखि तीव्र गतिविधिः प्रतिमिनेट सय कदमभन्दा बढी हिंड्नेजस्ता मध्यम देखि तीव्र गतिविधि हरेक दिन दुई घण्टाभन्दा बढी समयसम्म गर्नुपर्छ।

यसै अनुसन्धानका आधारमा अष्ट्रेलियामा नयाँ निर्देशिका बनाउने तयारी भइरहेको छ। यो अनुसन्धान स्वास्थ्य सुधार गर्न र हृदय रोग र मधुमेहबाट बच्न चाहनेहरूका लागि प्रेरणादायी छ।

### कसरतपछि खानुहुँदैन यी कुरा

हाम्रो समग्र स्वास्थ्य कस्तो रहन्छ भन्ने कुरा हामीले कति व्यायाम गर्छौं र कस्तो आहार लिन्छौं त्यसमा भर पर्छ। बिहान उठेपछि धेरै मानिसहरू बिहानको पैदलयात्रा वा जिममा पसिना बगाउन जान रूचाउँछन्। यसपछि यदि उसले



बिहानको खाजामा केही गलत खायो भने उसले गरेको मिहिनेत खेर जान सक्छ। चर्चित डाइटिशियन आयुषी यादवले कसरत गरेपछि के खानु हुँदैन भन्नेबारे बताएकी छन्।

१) तारेको खानाः तारेको-भुटेको खानेकुरामा अस्वास्थ्यकर बोसोको मात्रा बढी हुन्छ, जसले पोषक तत्त्वको अवशोषणलाई ढिलो गर्न सक्छ, त्यसैले धेरै भुटेको खानेकुराबाट टाढा रहनु र यसको सट्टा ग्रिल्ड चिकेन वा माछा खानु राम्रो हुन्छ। बिरूवामा आधारित स्वस्थ प्रोटीन खान सकिन्छ।

२) मसालादार खानेकुराः अत्यधिक मसालादार खानाले हाम्रो स्वादलाई सन्तुष्ट बनाउँछ तर स्वास्थ्यको दृष्टिकोणले यो पटक्कै राम्रो होइन, कसरतपछि यसको सेवन गर्नुभयो भने यसले पाचन प्रक्रियामा समस्या ल्याउन सक्छ। यसबाहेक मुटु दुख्ने समस्या पनि हुन सक्छ। मसला धेरै पकाइयो भने त्यसको पोषक तत्त्व पनि हराउन थाल्छ। धेरै मसला भएको खानेकुरा खानु हुँदैन।

३) मीठो खानाः मीठो खानेकुराले हामीलाई आकर्षित गर्दछ। विशेष गरी मिठाई, चिसो पेय, आइसक्रिम खान मन पराउँछौं। तर यदि हामीले कसरत पछि तुरून्तै यस्ता खानेकुरा सेवन गऱ्यौं भने सबै मेहनत व्यर्थ जान सक्छ किनभने तपाईंले व्यायाम मार्फत क्यालोरीहरू घटाउनुभएको छ।

४) रक्सीः अल्कोहल सधैं स्वास्थ्यको शत्रु हो। यदि तपाइँ व्यायामपछि यसको सेवन गर्नुहुन्छ भने, यसले निर्जलीकरण हुन सक्छ र मांसपेशीलाई मर्मत गर्न पनि गाऱ्हो बनाउँछ। यो मुटुका लागि पनि हानिकारक हुन्छ। पानी, हर्बल चिया र इलेक्ट्रोलाइट युक्त पेयपदार्थ सेवन गर्नु राम्रो हुन्छ।

५) काँचो तरकारीः काँचो सागसब्जीमा प्रशस्त मात्रामा फाइबर हुन्छ, जसलाई व्यायामपछि खाँदा पेट फुल्ने समस्या हुन्छ। पकाएको तरकारी पचाउन सजिलो हुन्छ। पकाएको तरकारी खान सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# अफगान आप्रवासीमाथिको दुर्व्यवहारको आलोचना

काबुल, २४ वैशाख/एएनआई

पाकिस्तान र इरानमा अधिकारीहरूद्वारा अफगान आप्रवासीमाथि भएको दुर्व्यवहारको आलोचना गर्दै ती मुलुकबाट जबरजस्ती निर्वासित भएका आप्रवासीहरूले आफ्नो दुर्दशामा अन्तर्राष्ट्रिय ध्यानाकर्षण गर्न आह्वान गरेको टोलो न्यूजले जनाएको छ ।

इरानबाट फर्केका मानिसहरूले उनीहरूलाई इरानी सरकारी फौजले कुटपिट गरेको बताएका छन् ।

उता पाकिस्तानबाट फर्केकाहरूले उक्त मुलुकमा सामना गरिरहेको बढ्दो चुनौतीबारे चिन्ता व्यक्त गरेका छन् ।

टोलो न्यूजको रिपोर्ट अनुसार करीब दुई वर्ष इरानमा बिताइ भर्खरै आफ्ना सन्तानसहित निर्वासित गरिएका बसिरले भने, "जब उनीहरूले हामीलाई खोज्न चाहन्थे, मैले विरोध गरें र उनीहरूले मलाई कुटपिट गरे, मलाई थाहा छैन कि मलाई के भएको छ, म दुई किलोग्रामसम्मको तौल पनि उठाउन सक्दिनँ ।"

इरानबाट निर्वासित अर्का सलाहुद्दीनले भने, "हामी आफ्ना बच्चाहरूको हेरचाह गर्न बाध्यतावश इरान गएका थियौं र यस अवस्थामा उनीहरूले हामीलाई धेरै गाऱ्हो बनाइदिए ।"

अर्कातिर अवस्थाप्रति दुःख व्यक्त गर्दै पाकिस्तानमा अफगान आप्रवासी रेजा सजेशले भने, "यहाँसम्म कि कार्ड भएकाहरूलाई पनि क्वेटा, इस्लामाबाद, पाकिस्तानबाट निर्वासित गरिएको प्रक्रियाबाट चिन्तित छौं ।"



तस्वीरः रायटर्स

यद्यपि पाकिस्तानको कराँचीमा तालिबानका वाणिज्यदूतले मुलुकका अधिकारीहरूसँग अफगान आप्रवासीहरूलाई फिर्ता लैजानका लागि अतिरिक्त समय प्रदान गर्न आग्रह गरेका छन् ।

तालिबानको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयका अनुसार मे १ मा लगभग दुई हजार आठ सय अफगान आप्रवासी स्वेच्छाले तथा जबरजस्ती प्रक्रियाले इरानबाट फर्केको टोलो न्यूज एजेन्सीले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसिआर)ले अफगानिस्तानमा दुई करोड ३७ लाख मानिसलाई बाँच्नका लागि मानवीय सहायताको तत्काल आवश्यकता रहेको जनाउँदै मानव अधिकार विशेषगरी महिला तथा किशोरीहरूका साथै धार्मिक तथा जातीय अल्पसङ्ख्यकको अधिकारको अवस्था गम्भीर रहेको बताएको छ ।

रिपोर्ट अनुसार इरान र पाकिस्तानले करीब ७७ लाख अफगान नागरिकलाई आश्रय दिएकामा करीब १६ लाखलाई २०२१ देखि अफगानिस्तानमा निर्वासित गरिएको छ ।

यसैबीच, एम्नेस्टी इन्टरनेशनल लगायत मानव अधिकारवादी सङ्गठनहरूले पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने प्रक्रिया जारी रहेकामा चिन्ता व्यक्त गर्दै यो प्रवृत्तिलाई रोक्न माग गरेका छन् । रासस

# मङ्गोलियाको जङ्गल र घाँसे मैदानमा आगलागी बढ्यो

उलानबटोर, २४ वैशाख/सिन्ह्वा

मङ्गोलियामा यस वर्ष सन् २०२४ को शुरूदेखि ५२ वटा जङ्गलमा आगलागी भएको सोमवार सार्वजनिक एक सरकारी प्रतिवेदनले जनाएको छ । आगलागीको यो घटना गत वर्ष सन् २०२३ को सोही अवधिको तुलनामा ३.८ प्रतिशतले बढी हो ।

राष्ट्रिय आपतकालीन व्यवस्थापन निकायका अनुसार कम्तीमा पाँच लाख ४९ हजार १३ हेक्टर जङ्गल र घाँसे मैदान जङ्गली डढेलोबाट जलेको छ । मानवीय लापरवाही नै डढेलोको मुख्य कारण रहेको प्रतिवेदनमा उल्लेख छ ।

देशका अधिकांश क्षेत्रमा सुख्खा मौसमका कारण जङ्गल र मैदानमा आगलागीको उच्च जोखिम रहेको भन्दै सर्वसाधारणलाई खुला ठाउँमा आगो नबाल्न वा भुइँमा चुरोटका ठुटा नफाल्न चेतावनी दिएको छ ।

मङ्गोलियामा कठोर जलवायु विविधता रहेको छ र यहाँ सामान्यतया वसन्त ऋतुको समयमा सुख्खा र हावाहुरी चल्छ । रासस

# अफगानिस्तानमा वर्षा र बाढीले १४ जनाको ज्यान लियो

काबुल, २४ वैशाख/एएनआई

अफगानिस्तानमा भारी वर्षापछिको बाढीले कम्तीमा १४ जनाको ज्यान लिनुका साथै व्यापक विनाश भएको विपद् व्यवस्थापन मामिला राज्य मन्त्रालयलाई उद्धृत गर्दै टोलो न्यूजले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता जनान साइकका अनुसार १४ प्रान्तमा वर्षाका कारण १४० आवासीय घर क्षतिग्रस्त भएका छन् भने दुई हजारभन्दा बढी गाईवस्तुको मृत्यु भएको छ ।

टोलो न्यूजका अनुसार विगत तीन दिनमा वर्षाका कारण लगभग १४ जना नागरिकको मृत्यु भएको छ भने एकजना बेपत्ता छन् । बाढीले आवासीय घरहरू पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् ।

यसैबीच, सार्वजनिक निर्माण मन्त्रालयका प्रवक्ता मोहम्मद अशरफ हक्कसेनसले अफगानिस्तानका बदख्सान, तखर, घोर र नुरिस्तान प्रान्तका केही सडकहरू भूस्खलन र बाढीका कारण अस्थायीरूपमा अवरुद्ध भएको बताएका छन् ।

"बाढी र भूस्खलनका कारण अस्थायीरूपमा बन्द गरिएका तखर, बदख्सान, घोर र नुरिस्तान प्रान्तका धेरै सडक खुलाउने काम भइरहेको छ"– उनले बताए ।

निरन्तर भारी वर्षा भइरहेको कारण स्थानीय बासिन्दाले धेरै नोक्सानी बेहोरेका छन् ।

बाढीमा परेर बालबालिकाको मृत्यु, जमीन र पुलहरू नष्ट भएको फराह प्रान्तका एकजनाले बताए । बाढीबाट भएको जनधनको क्षति तत्काल सम्बोधन गर्न सरकारसमक्ष स्थानीयवासीले आग्रह गरेका छन् । रासस

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – अलमल |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – अस्वस्थता | कन्या – रोगभय |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुभय |
| धनु – कार्यनाश | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनक्षति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


सर्लाहीको चन्द्रनगरमा किसानहरूले बाटो नै ढाक्ने गरी गहुँ, मकै सुकाएपछि दुर्घटनाको जोखिम बढेको छ ।
तस्वीरः नितेश कर्ण/प्रतीक

### आदिवासी ...

बस्तीका ६० परिवारका १०८ जना यो अभियानमा जोडिएको नगरपालिकाले जनाएको छ । नगरपालिका र लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड बर्दिबास शाखाका प्रतिनिधिले टोलबस्तीमैं पुगेर उनीहरूलाई बीमामा जोडेका हुन् ।

मधेसका सीमान्तकृत जातिमा पर्ने मुसहरको भविष्य सुरक्षित गर्न, आफ्ना हितका विषयमा सजग गराउन र राज्यबाट प्रदान गरिने अवसरमा जोड्न प्रारम्भिकरूपमा बीमा कार्यक्रममा जोडिएको नगरप्रमुख क्षत्रीले बताए । कठोर मेहनत गर्ने मुसहर अब भवितव्यमा परे वा गम्भीर बिरामी भए बीमाले निश्चित दायित्व पूरा गर्ने बन्दोबस्त ...ले सो समुदायका व्यक्तिहरू अहिले ...हित भएका छन् । तीन वर्षे अवधिको यो बीमामा क्रमशः उमेर पुग्दै गएका मुसहरलाई आबद्ध गराउँदै जाने नगरपालिकाको योजना छ ।

यसका साथै नगरपालिकाले मुसहर समुदायमा उमेर नपुग्दै विवाह गर्ने प्रचलनलाई निरुत्साहन गर्न नगद प्रोत्साहन रकम प्रदान गर्ने नीति लिएको छ । सानै उमेरमा विवाह गर्ने र सरकारले विवाहका लागि तोकेको उमेर (२० वर्ष) सम्म दुई/तीन सन्तान जन्माइसक्ने मुसहर महिलामा यसै कारण गम्भीर स्वास्थ्य समस्या देखिएपछि यस्तो अभियान सञ्चालन गर्नुपरेको नगरपालिकाले जनाएको छ ।

उमेर पुगेर मात्रै बिहे गर्न उत्प्रेरित गर्ने उद्देश्यसाथ नगरपालिकाले २० वर्ष पूरा भएपछि बिहे गर्ने नगर क्षेत्रका मुसहर दम्पतीलाई रु ५० हजार प्रोत्साहन दिइने घोषणा गरिसकेको छ । अहिलेसम्म यो मापदण्ड अनुसार विवाह गर्ने बर्दिबास–१४ का मञ्जय सादा मात्र छन् । मञ्जय स्नातक तह उत्तीर्ण गर्ने बर्दिबासकै पहिलो मुसहर पनि हुन् । उनले यही वैशाख ६ गते आफूजस्तै उमेर पुगेकी मुसहर महिलासँग विवाह गरेपछि नगरपालिकाले घोषणा गरे अनुसारको प्रोत्साहन रकम पाएको बताए ।

महोत्तरी जिल्लाका सबै (१५ वटै) स्थानीय तहमा धेरथोर बसोबास रहेको मुसहर समुदायको जनसङ्ख्या विसं २०७८ सालको राष्ट्रिय जनगणना अनुसार २७ हजार ३५२ छ । यो जिल्लाको कुल जनसङ्ख्याको तीन दशमलव ८७ प्रतिशत हो । यति जनसङ्ख्या भएका मुसहरमा माध्यमिक शिक्षा परीक्षा (एसइई) पूरा गर्नेहरू औंलामा गन्न सकिने अवस्थामा छन् ।

जलेश्वर–४ निवासी शिक्षाविद् कृष्णचन्द्र झा मुसहर समुदायको आर्थिक, शैक्षिक र स्वास्थ्य अवस्था सुधार गरी विकासको मूलप्रवाहमा जोड्न आवश्यक रहेको बताउँछन् । बर्दिबास नगरपालिकाले थालेको अभियानजस्तै जिल्लाका अन्य स्थानीय तहले पनि मुसहर लक्षित कार्यक्रम सञ्चालन गर्न सके चाँडै सकारात्मक नतीजा आउने उनको भनाइ छ ।

## हार्दिक श्रद्धाञ्जलि


स्व बच्चीदेवी वर्मा

वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ लेखा अधिकृत श्री अरूणकुमार वर्माज्यूकी पूजनीय माता **बच्चीदेवी वर्मा**को मिति २०८१/१/१९ गतेका दिन ८५ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं ।

दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै दुःखको यस घडीमा शोकाकुल परिवारजनलाई परमपिता परमेश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**वीरगंज उद्योग वाणिज्य सङ्घ कर्मचारी परिवार**

## कालिकामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
हरिहरपुर बिर्ता, पर्सा
मधेस प्रदेश, नेपाल

### बाँकी बक्यौता रकम बुझाउनेसम्बन्धी अन्तिम सूचना

प्रथमपटक प्रकाशित मितिः २०८१/०१/२५

प्रस्तुत विषयमा आव २०७४/७५ मा खुला डाँक बढाबढमार्फत ५ (पाँच) वर्षको लागि तपसिलको विवरण अनुसारको पोखरीको ठेक्का सकार गरेको र पोखरीको किस्ता रकम पटकपटक ताकेता गर्दा पनि हालसम्म बाँकी बक्यौता रकम नबुझाएकोले तपसिलमा उल्लेख गरे अनुसारको पोखरीको ठेकेदारहरूलाई बाँकी रकम बुझाउन अन्तिमपटकको लागि यो सूचना गरिन्छ । यो सूचनाको मितिले ७ (सात) दिनभित्र गाउँपालिकाको ग्लोबल आइएमई बैंक बिरन्चीबर्वा शाखामा रहेको आन्तरिक राजस्व खाता नं ३६४०४०१००००००५ मा बाँकी बक्यौता रकम जम्मा गरी सोको सक्कलै भौचर यस कार्यालयमा बुझाउनुहुन जानकारी गराइन्छ । तोकिएको समयभित्र बाँकी बक्यौता रकम नबुझाएमा ठेकेदारहरूलाई कालोसूचीमा राख्दै जमानीमा राखिएको जग्गाको लिलामी प्रक्रिया अगाडि बढाइने बेहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

तपसिल

| क्रस. | पोखरीको विवरण | ठेकेदारको नाम | ठेगाना | बुझाउनुपर्ने रकम रु |
|---|---|---|---|---|
| १ | मुरधरिया पोखरी | पवनकिशोर चौरसिया | साबिक गाविस मुडली–१, पर्सा | ३,२१,२००/– |
| २ | सार्वजनिक पोखरी | खोवारी प्रसाद | साबिक गाविस मुडली–१, पर्सा | १,३९,६१०/– |
| ३ | सार्वजनिक पोखरी | अनिलकुमार कुशवाहा | कालिकामाई–२, पर्सा | २,११,६००/– |
| ४ | बेलवा पोखरी | महमद नाजिर | साबिक गाविस मुडली–१, पर्सा | ६,६२,४००/– |
| ५ | बरेवा पोखरी | गजारी साह | साबिक गाविस सुरजहा–२, पर्सा | ५,२५,६००/– |
| ६ | ब्रह्म पोखरी | गुपतानारायण साह | साबिक गाविस बहुअर्वाभाठा–६, पर्सा | १८,६१,६४०/– |
| ७ | सखुवा पोखरी | अवधेशप्रसाद कुशवाहा | साबिक गाविस मुडली–१, पर्सा | ३४,१०,०००/– |

अमितकुमार गिरी (प्रमुख प्रशासकीय अधिकृत)

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेण्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# खेलकूदको संसार

## सहारा क्लबलाई वर्ष उत्कृष्ट खेल सङ्घ अवार्ड

कास्की, २४ वैशाख/रासस

फूटबल एकेडेमी र प्रतियोगिता सञ्चालन गरी फूटबल खेल विकासमा क्रियाशील पोखराको सहारा क्लबलाई यस वर्षको उत्कृष्ट खेलकूद सङ्घको अवार्ड प्रदान गरिने भएको छ।

नेपाल खेलकूद पत्रकार मञ्च गण्डकीले यही वैशाख २८ गते पोखरा सभागृहमा आयोजना गरेको आठौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड–२०८०'मा सहारालाई सो अवार्ड प्रदान गर्ने निर्णय गरिएको मञ्चले जनाएको छ।

छैटौं संस्करणसम्म यस विधा अन्तर्गतको अवार्ड खेलसम्बन्धी सङ्घलाई मात्र प्रदान गरिँदै आएकामा सातौं संस्करणदेखि खेल सङ्घ वा क्लबमध्येबाट उत्कृष्ट छान्ने व्यवस्था गरिएको थियो। यो अवार्ड पाउने सहारा पहिलो क्लब बन्न सफल भएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए।

विसं २०५५ भदौमा 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सामाजिक सेवा गरौं' नाराका साथ स्थापित क्लब स्वदेशसँगै विदेशसम्म फैलिएको छ।

स्थापनादेखि उक्त क्लब निरन्तर खेलकूद र सामाजिक कार्यमा क्रियाशील रहँदै आएको छ। विसं २०५६ मा पृथ्वीचोकमा सार्वजनिक शौचालय निर्माण गरेर सामाजिक कार्यको सुरुआत गरेको क्लबले विसं २०५७ मा 'सहारा कप' क्लबस्तरीय 'लिग कम नकआउट फूटबल' प्रतियोगिता सञ्चालन गरेको थियो।

विसं २०५८ मा 'क्याराभान गोल्डकप फूटबल' प्रतियोगिता आयोजना गरेको क्लबले त्यसपछि प्रत्येक वर्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरक्लब आमन्त्रित आहा रारा गोल्डकप फूटबल प्रतियोगिता आयोजना गरिरहेको छ। हालसम्म २३औं संस्करण सम्पन्न भइसकेको छ।

पोखरा तथा यस आसपासमा फूटबल खेलतर्फको रौनकता बढाउन यो प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। असहज समयमा समेत यस प्रतियोगितालाई निरन्तरता दिएकोले क्लब फूटबल खेलको क्षेत्रमा अब्बल क्लबको रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ।

सहाराले विसं २०६९ देखि सहारा फूटबल एकेडेमी सञ्चालन गर्दै आएको छ। एकेडेमीमार्फत क्लबले अनाथ तथा असहाय बालबालिकालाई पालनपोषणका साथमा फूटबलसमेत सिकाउँदै आइरहेको छ।

अवार्ड कार्यक्रममा वर्ष उत्कृष्ट खेलकूद सङ्घसंस्था वा क्लबसँगै, वर्ष उत्कृष्ट प्रशिक्षक, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दिनानाथ बरालले जानकारी दिए।

यसैगरी, मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी इलेक्ट्रिक स्कूटर प्रदान गर्ने जनाएको छ। साथै अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही रु ३५/३५ हजार प्रदान गरिने मञ्चले जनाएको छ।



कलाकार भएर निजगढमा छुट्टै पहिचान बनाउन सफल निजगढ नगरपालिका–८ का वीरु लामा। जीवनको तीन दशकयतादेखि निरन्तर विभिन्न वस्तुहरूको तस्वीर जस्ताको त्यस्तै उतार्न सिपालु लामा अक्षर लेखनकलामा पनि उत्तिकै पोख्त छन्। तस्वीर बनाउँदा वा अक्षर लेख्दा उनी निकै सिपालु छन्। कला ईश्वरीय देन भएको बताउँदै उनले परिश्रमबाट कला सिकेका हुन्। यही कला, ज्ञान, सीप बेचेर जीविकोपार्जन गर्न भने जोकोहीले सक्दैनन्। उनलाई कामको कहिल्यै खाँचो नभएको र मासिक रु ५० हजारभन्दा बढी आम्दानी भइरहेको बताउँछन्। जीवन रहुन्जेल यसै पेशालाई निरन्तरता दिने उनको भनाइ छ। शब्दचित्र: जीतलाल श्रेष्ठ/प्रतीक

## पर्साका वन क्षेत्र सुरक्षित, कृषि क्षेत्रमा आगलागी

वीरगंज (पर्सा), २४ वैशाख/रासस

पर्सामा ग्रामीण कृषि क्षेत्रमा आगलागीका घटना घटे पनि वनजङ्गल भने अहिलेसम्म जोगिएको छ। नेपालका अधिकांश जिल्लामा वन डढेलो लागिरहेको बेला जिल्लाभित्र रहेका वन क्षेत्र सुरक्षित देखिएको हो। डिभिजन वन कार्यालय पर्साका डिभिजन वन अधिकृत सुनीलकुमार कर्णले पर्सामा यो याममा ठूलो प्रकृतिको डढेलो नलागेको बताए। "यो सिजनमा पर्सामा डढेलो लागेर वनजङ्गलमा काठ–दाउरामा ठूलो नोक्सानी भएको छैन तर कृषि उपज क्षेत्रमा भने आगलागीको समस्या देखिएको थियो," उनले भने, "सुरुआती चरणदेखि वनजङ्गलमा हुन सक्ने डढेलोको विषयमा सतर्कता र सावधानी अपनाउन भनेकाले पनि अहिलेसम्म यहाँको वनमा आगलागी भएको छैन।"

पर्सामा चालू आर्थिक वर्षको करीब १० महीनामा आगलागीले रु छ करोड बराबरको धनसम्पत्ति जलेर नष्ट भएको छ। मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार पर्सा जिल्लामा चालू आवको वैशाख २१ गतेसम्म रु पाँच करोड ७२ लाख बराबरको धनसम्पत्ति नष्ट भएको हो। पर्सामा गत वैशाख ८ गते पर्साको छिपहरमाई गाउँपालिका–१ भलमहिया बस्तीका १५ किसानको अन्नबालीसहितको फुसको घर जल्दा रु १२ लाख ८४ लाख बराबरको क्षति भएको थियो।

गत वैशाख ११ गते वीरगंज महानगरका–१७ मा अन्नपात, सुनचाँदी र पशुचौपाया जल्दा रु ५३ लाख ९० हजार बराबरको क्षति भएको थियो।

उनले जिल्लाका छवटा सबडिभिजन वन कार्यालयले जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेकाले पनि वनमा डढेलो नलागेको हुन सक्ने बताए। "विगतमा राष्ट्रिय निकुञ्ज क्षेत्रमा चोरीशिकारी गर्नेले आगो लगाएर चोरीशिकारी गर्ने प्रवृत्ति थियो," उनले भने, "यसपालि सावधानी अपनाएकाले आगजनीको घटना हुन पाएको छैन तर अझै सावधानी र सतर्कता अपनाउन जरुरी देखिन्छ।"

यद्यपि पर्साका एकाध वनमा डढेलो शुरु हुन खोजे पनि तुरुन्तै निभाइएका थिए। जिल्लामा छवटा सबडिभिजन वन कार्यालय छन्। पर्साको क्षेत्रफल एक लाख ४० हजार ४३४ हेक्टर छ। जसमध्ये आठ दशमलव २३ प्रतिशत वन क्षेत्रले ओगटेको छ। डिभिजन वन कार्यालय मातहत ११ हजार ४५१ दशमलव २८ हेक्टर वन क्षेत्र पर्छ। यो तथ्याङ्कमा निकुञ्ज क्षेत्र भने समावेश गरिएको छैन।

## आजपाद्वारा प्रजिअलाई ज्ञापन

प्रस, रौतहट, २४ वैशाख/

आम जनता पार्टीको अगुवाइमा सोमवार रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइएको छ।

शिक्षामा भएका विकृति अन्त्य गर्न, विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी वितरणलगायतका माग राख्दै प्रजिअ हीरालाल रेग्मीलाई ज्ञापनपत्र बुझाइएको हो। ज्ञापनपत्र बुझाउनु अघि विपी चोकदेखि नारा जुलुस लगाउँदै आम जनता पार्टीका नेता, कार्यकर्ताहरूले नगरपरिक्रमा गरेका थिए।





## दिनदहाडै लुटियो रु ८० लाख

जनकपुर, २४ वैशाख/रासस

धनुषाको जनकपुरधामस्थित एक सहकारी संस्थाका कर्मचारीबाट रु ८० लाख लुटिएको छ।

सोमवार दिउँसो शुभश्री बचत तथा ऋण सहकारी संस्था मैनाथपुरमा कार्यरत वीरेन्द्रकुमार महतोलाई पेस्तोल देखाएर तीनजनाले रु ८० लाख लुटेको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रहरी नायब उपरीक्षक रञ्जन अवालेले जानकारी दिए।

जनकपुरधामको भानुचोकमा रहेको राष्ट्रिय सहकारी बैंकबाट रकम झिकेर सहकारीतर्फ जाँदै गर्दा जनकपुरधाम उपमहानगरपालिका–१९ मा महतोका साथमा रहेको सो रकम लुटिएको र जानकारी प्राप्त भएलगत्तै प्रहरी घटनास्थल पुगेर लुटेराको खोजी भइरहेको प्रनाउ अवालेले बताए।

## अवैध सामान नियन्त्रण

प्रस, वीरगंज, २४ वैशाख/

जिल्ला प्रहरी कार्यालय, बाराले एक करोड ४६ लाख ७९ हजार मूल्य बराबरको अवैध सामानसहित ट्रकलाई नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय, अमलेखगंजले सोमवार बिहान वीरगंजबाट हेटौंडा जाँदै गरेको ना.५ख ७९२७ नम्बरको ट्रकमा लोड रहेको लेडिज सुट, धागो, जरी दाना, प्रिन्ट कपडा, माला लकेट, मेटल धुरा र खुद्रा सामानहरू गरी ६६ लाख ९० हजार मूल्य बराबरको अवैध सामान नियन्त्रणमा लिएको छ।

यसैगरी, वीरगंजबाट काठमाडौं जाँदै गरेको ना.८ख २७१९ नम्बरको ट्रकमा लोड रहेको मोबिल, बेडसिट कपडा, स्टेशनरी, मोटर पार्ट्स, बेकरी आइटम गरी ७९ लाख ८९ हजार मूल्य बराबरको अवैध सामान नियन्त्रणमा लिई कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको जिप्रका, बाराले जनाएको छ।

यसैगरी, जिल्ला प्रहरी कार्यालय, रौतहटले भन्सार छलेर विभिन्न नाकाबाट भित्र्याइएको २५ लाख मूल्यभन्दा बढीको अवैध सामान बरामद गरेको छ। वैशाख १० देखि २२ गतेसम्म जिल्ला प्रहरी कार्यालय तथा मातहतबाट खटिएको प्रहरी गस्ती टोलीले विभिन्न स्थानबाट भन्सार छली भित्र्याइएका कपडा, किराना लगायत २५ लाख ५१ हजार मूल्य बराबरको सामान बरामद गरेको हो। बरामद सामान कारबाईको लागि सोमवार भन्सार कार्यालय, रौतहटमा दाखिला गरिएको जिप्रका, रौतहटका प्रवक्ता प्रहरी नायब निरीक्षक एलिजा गिरीले बताइन्।

## गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउन:

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, म:म, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

## पर्सागढीमा नयाँ प्रमुख प्रशासकीय अधिकृत

बलिराम शुक्ला, बिरुवागुठी, २४ वैशाख/

पर्सागढी नगरपालिकामा सरुवा भई आएका प्रमुख प्रशासकीय अधिकृतको स्वागत गरिएको छ। नगरप्रमुख गोकर्ण पाठकको अध्यक्षतामा भएको स्वागत कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत हरिकिशोरप्रसाद चन्द्रवंशीलाई स्वागत गरिएको थियो।

चैत १ गते पर्सागढीमा हाजिर भएका प्रमुख प्रशासकीय अधिकृत रामदत्त भट्टले चैत २८ गतेसम्म कार्यभार सम्हालेका र उनको सङ्घीय मामिला तथा प्रशासन मन्त्रालयमा सरुवा भएपछि जिल्ला प्रशासन कार्यालय, बारामा प्रशासकीय अधिकृत रहेका चन्द्रवंशी बढुवा भई सङ्घीय मामिला तथा प्रशासन मन्त्रालयबाट पर्सागढीमा आएका हुन्।

प्रप्रअ राजवंशीको स्वागत गर्दै नगरप्रमुख पाठकले जनप्रतिनिधि र कर्मचारीहरूको सहयोगबाट मात्र पर्सागढीको मुहार फेर्न सकिने बताए। उनले कुनै पनि शाखाको कार्यमा सेवाग्राहीहरूलाई दुःख नदिन कर्मचारीहरूलाई निर्देशन दिए।

प्रमुख प्रशासकीय अधिकृत चन्द्रवंशीले कार्यभार सम्हाल्दै सुशासनलाई ध्यानमा राखी कानून अनुसार जनप्रतिनिधि र कर्मचारी हातेमालो गरी अगाडि बढ्ने बताए।

कार्यक्रममा पर्सागढी नपा–४ र ९ का अध्यक्ष शेख खुर्शेद, रामबढाईप्रसाद यादवलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत प्राविधिक शाखा प्रमुख जङ्गविजय साह र सहजीकरण स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख नारायणप्रसाद पौडेलले गरेका थिए।



तस्वीर: प्रतीक

### हिरासत ...

कारण खुलाउनुपर्ने पनि गृह मन्त्रालयले जनाएको छ। प्रहरी नियन्त्रणमा रहेका व्यक्तिलाई चिकित्सकीय सहायता उपलब्ध गराउने हालको कानूनी प्रबन्ध र अभ्यासलाई वस्तुगत, तथ्यपूर्ण र विश्वसनीय बनाउन मन्त्रालयले गत चैत १३ गते नेपाल मेडिकल काउन्सिललाई अध्ययन गरी रायसहितको प्रतिवेदन दिन अनुरोध गरेको थियो। काउन्सिलले यही वैशाख २३ गते बुझाएको प्रतिवेदनका आधारमा गृह मन्त्रालयले तीन बुँदे निर्णय गरेको जनाइएको छ। "आवश्यक पर्दा उपचार पाउनु सबैको हक हो। राज्यले त्यो हक सुरक्षित गर्छ। तर कतिपय घटनामा हिरासत छल्न नै अस्पताल जाने प्रवृत्ति पनि देखिएकाले सबैलाई समान व्यवस्था र व्यवहार होस् भनेर केही व्यवस्था गर्ने निर्णय भएको हो," गृहमन्त्री लामिछानेको भनाइ उद्धृत गर्दै उनको सचिवालयले उल्लेख गरेको छ।